# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक १९० | काठमाडौं | बुधबार, २१ कात्तिक २०८१ | Prabhab National Daily | Wednesday, November 06, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासोरजिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७र९७६१८१५४०००र
९८४११५१२१७र९८४१२४६२६९
marketing2prabhab@gmail.com


स्थानीय तह उपनिर्वाचन

## धमाधम उम्मेदवार छान्दै दलहरू

■ प्रभाव संवाददाता

**काठमाडौं–** स्थानीय तहको आसन्न उपनिर्वाचनका लागि दलहरू धमाधम उम्मेदवार चयनमा लागेका छन् । विभिन्न कारण रिक्त भएका विभिन्न ४४ पदमा जनप्रतिनिधि चुन्न मंसिर १६ गते निर्वाचन हुँदै छ । जसमा काठमाडौंमा रहेको कीर्तिपुर नगरपालिकाले धेरैको ध्यान तानेको छ ।

एक त उपनिर्वाचन हुन लागेको एकमात्र नगरपालिका, अर्को संघीय राजधानीको जिल्लामा पर्ने स्थानीय तह भएकोले प्रमुख दलहरूले कीर्तिपुरलाई विशेष प्राथमिकताका साथ उम्मेदवार चयन थालेका छन् । सत्तानेतृत्व दल नेकपा एमालेले यहाँ केन्द्रीय सदस्य सुरेन्द्र मानन्धरलाई उमेदवार बनाउने भएको छ ।

प्रमुख प्रतिपक्षी नेकपा माओवादी केन्द्रले प्रा.डा. शिवशरण महर्जनलाई उम्मेदवार बनाउने निर्णय गरेको छ । महर्जन २०७९ को स्थानीय तह चुनावमा कांग्रेसका राजकुमार नकर्मीसँग पराजित भएका थिए । कांग्रेसले भने यहाँ उम्मेदवार चयन गर्न सकेको छैन ।

नगरप्रमुखको उमेदवार बनाउन कांग्रेस नगर समितिले ११ जनाको नाम सिफारिस गरी क्षेत्रीय कमिटीमा पठाएको छ । सिफारिसमा नगरसभापति कृष्णमान डंगोलको नाम पहिलो नम्बरमा छ । त्यसपछि बद्रीलाल महर्जन, हिमाल कार्की, जमुना नकर्मी, संगीत बोगटी, सशीर महर्जन, राममान सिंह, जनकलाल महर्जन, किरण केसी, मीनप्रकाश महर्जन र सचिन्द्र महर्जनको नाम राखिएको छ । चौंथो नम्बर सिफारिस भएकी जमुना नकर्मी यसअघिका नगरप्रमुख नकर्मीकी श्रीमती हुन् । क्षेत्रीय कमिटीले डंगोलसहित तीन जनाको नाम सिफारिस गर्ने तयारी गरेको बताइएको छ ।

(क्रमशः पृष्ठ २ मा)




- उपनिर्वाचन हुन लागेको एकमात्र नगरपालिका कीर्तिपुरमा दलहरूको प्रतिष्ठाको लडाइँ बन्ने देखिन्छ
- नेपाली कांग्रेसले जितेको यो नगरपालिकामा एमालेले केन्द्रीय सदस्य सुरेन्द्र मानन्धरलाई उम्मेदवार बनाउँदा माओवादीले प्रा.डा. शिवशरण महर्जनलाई अघि सारेको छ
- नेपाली कांग्रेस र राष्ट्रिय स्वतन्त्र पार्टीले भने कुनै तहमा उम्मेदवार चयन गर्न सकेको छैन

### शुक्रबार उम्मेदवार मनोनयन

आयोगले उपनिर्वाचनका लागि निर्वाचन कार्यक्रम सार्वजनिक गरिसकेको छ । जसअनुसार मंसिर २ गते बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोनयन दर्ता हुने छ । साथै सोही दिन बेलुका ५ बजेदेखि ६ बजेसम्ममा उम्मेदवारको सूची प्रकाशन हुने आयोगले विज्ञप्तिमार्फत जानकारी दिएको छ ।

उम्मेदवारको विरोधमा उजुरी दिने अवधि मंसिर ३ गते बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म हुने छ । सोही दिनको दिउँसो ३ बजे उपरान्त मंसिर ४ गते बेलुका ५ बजेसम्ममा मनोनयनपत्र र उजुरीउपर जाँचबुझ एवं निर्णय गरी मंसिर ४ गते बेलुका ५ बजेदेखि ६ बजेसम्ममा उम्मेदवारको नामावली प्रकाशन हुने छ ।

२०८१ मंसिर ५ गते बिहान ९ बजेदेखि दिउँसो १ बजेसम्म उम्मेदवारको नाम फिर्ता लिन सकिने छ । आयोगले सोही दिन दिउँसो १ बजेदेखि ३ बजेसम्ममा निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको

(क्रमशः पृष्ठ २ मा)

# दीपक मनाङे ज्यान मार्ने उद्योगमा दोषी ठहर

## दुई पटक सांसद, छ पटक मन्त्री भएका मनाङे अब पाँच वर्ष कैदी

■ जेबी योञ्जन

**काठमाडौं–** दुईपटक सांसद र छ पटक मन्त्री बनेका गण्डकी प्रदेशका सांसद दीपक मनाङे (राजीव गुरुङ) फेरि जेल जाने भएका छन् । उनी मंगलबार कर्तव्य ज्यान मार्ने उद्योगसम्बन्धी २० वर्ष पुरानो मुद्दामा सर्वोच्च अदालतबाट पनि दोषी ठहरिएका हुन् ।

सर्वोच्चका प्रवक्ता अच्युत कुइँकेलका अनुसार न्यायाधीशद्वय नहकुल सुवेदी र टेकप्रसाद ढुंगानाको संयुक्त इजलासले उच्च अदालत पाटनले यसअघि मनाङेलाई कर्तव्य ज्यान मुद्दामा पाँच वर्ष कैद सजाय हुने भन्दै गरेको फैसला सदर गरिदिएको छ । यससँगै सांसदहुँदै बारम्बार मन्त्री भएका मनाङेको फेरि जेल यात्रा निश्चित भएको हो ।

मनाङेको समूहले २०६१ सालमा अर्का डन मिलन चक्रे भनिने मिलन गुरुङलाई तरबार हानेको थियो । यसपछि काठमाडौं जिल्ला अदालतमा मनाङे समूहविरुद्ध कर्तव्य ज्यान मुद्दा दर्ता भयो । काठमाडौं जिल्ला अदालतले अन्ततः कुटपिटमा मनाङेलाई दुई वर्ष कैद सजाय सुनायो । अन्य आरोपीहरू गणेश लामा, रेवत कार्की, रमेश सुनुवार र उमेश लामाले सफाइ पाए । मनाङेले भने दुई वर्ष कैद भुक्तान गरे ।

तर, जिल्लाको फैसलाप्रति प्रश्न उठाउँदै सरकारी वकिल कार्यालय तत्कालीन पुनरावेदन अदालत (हालको उच्च अदालत) पाटन गयो । उच्च अदालतले भने मनाङेलाई कर्तव्य ज्यान उद्योगमा पाँच वर्ष कैद हुने फैसला सुनाएको थियो । अरुलाई सफाइ दिने जिल्लाको फैसला सदर भयो । जबकि, यसबेला मनाङे मनाङको प्रदेशसभा 'ख'बाट गण्डकी प्रदेश सांसद निर्वाचित भइसकेका थिए ।

निर्वाचित भए पनि ७ माघ २०७४ मा गण्डकी प्रदेशसभाका सबै सांसदले शपथ ग्रहण गर्दा उनले पाएनन् । यसपछि मनाङे २०७५ वैशाखमा उच्च अदालत पाटनमा उपस्थित भएर डिल्लीबजार कारागार चलान भए । त्यसपछि आठ महिना कैद भुक्तान गरे । कानुनतः १० वर्षभन्दा कम जेल सजाय भएको मुद्दामा जेलबाहिर बसेरै पुर्पक्ष गर्न पाइन्छ । कानुनको यही सुविधालाई प्रयोग गरेर उनी थप आठ महिना जेल बसेर रिहा भए । लगत्तै उनी उच्च अदालतको फैसलाविरुद्ध सर्वोच्च गए । सर्वोच्चमा मुद्दा विचाराधीन भएकै बेला तत्कालीन नेकपामा प्रवेश गरे ।

तर, सांसद भएदेखि नै उनी विवादमुक्त हुन भने सकेनन् । कास्की जिल्ला फुटबल संघका तत्कालीन अध्यक्ष मिलन गुरुङलाई झापड हानेपछि उनी पक्राउ परे । पहिलो प्रदेशसभाको कार्यकालदेखि नै सत्ता समीकरणमा निर्णायक बन्दै आए । पहिलो कार्यकालमै तीनपटक युवा तथा खेलकुदमन्त्री, दोस्रो कार्यकालमा तीनपटक भौतिक पूर्वाधारमन्त्री बने ।

(क्रमशः पृष्ठ २ मा)




- २० वर्ष पुरानो कर्तव्य ज्यान उद्योगसम्बन्धी मुद्दामा सर्वोच्चबाट पनि दीपक मनाङे दोषी ठहर
- मनाङेले दुई वर्ष चार महिना कैद भुक्तान गर्नुपर्ने, दुई वर्ष आठ महिना कैद यसअघि नै भुक्तान
- २०७४ र २०७९ मा मनाङ प्रदेश 'ख'बाट निर्वाचित
- पहिलो र दोस्रोपटक सांसद हुँदा मनाङे तीन/तीनपटक गरी छ पटक मन्त्री

### रविलाई थप १० दिन हिरासतमा राख्न अनुमति

**काठमाडौं (प्रस)–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई थप १० दिन हिरासतमा राखेर अनुसन्धानका लागि कास्की जिल्ला अदालतले मंगलबार अनुमति दिएको छ ।

सहकारी ठगी अभियोगमा यही कात्तिक २ गते पक्राउ परेका लामिछानेलाई कात्तिक १५ गतेदेखि लागू हुनेगरी तेस्रोपटक १० दिनको म्याद थप गरिएको जिल्ला अदालतका सूचना अधिकारी सुरज अधिकारीले जानकारी दिए ।

यसअघि गत कात्तिक १४ गतेसम्मको म्याद रहेकामा तिहार विदाका कारण अदालत बन्द भएकाले तिहारको विदापछि लामिछानेलाई मंगलबार अदालतमा पेस गरिएको थियो ।

जिल्ला अदालतका न्यायाधीश चन्द्रकान्त पौडेलको इजलासले हिरासतमा राखेर थप अनुसन्धान गर्न अनुमति दिएको सूचना अधिकारी अधिकारीले बताए । सभापति लामिछानेलाई कात्तिक ४ गते पहिलोपटक अदालत उपस्थित गराइएको थियो ।

सन्दर्भः वैदेशिक रोजगार

# विदेश जाने कामदारलाई विनाधितो ऋण दिने कार्यविधिको मस्यौदा तयार

- विपन्न वर्गका नागरिकले महँगो ब्याजदरमा व्यक्तिसँग ऋण लिएर वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यताको अन्त्य गर्ने प्रयास
- बैंकबाट ऋण कामदारको खातामा नभई सीधै म्यानपावर कम्पनीको खातामा पठाउने व्यवस्था प्रस्ताव
- सरोकारवालासँग आवश्यक छलफल गरेर कार्यविधिलाई टुंगोमा पुऱ्याइने मन्त्रालयको भनाइ

■ प्रभाव संवाददाता

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीका लागि जाने कामदारलाई विनाधितो ऋण दिने कार्यविधिको मस्यौदा तयार पारेको छ । मन्त्रालयले काम गर्न विदेश जान चाहने कामदारलाई लागत खर्च बैंकमार्फत विनाधितो ऋण उपलब्ध गराउनेसम्बन्धी कार्यविधिको मस्यौदा तयार पारेको हो ।

विपन्न वर्गका नागरिकले महँगो ब्याजदरमा व्यक्तिसँग ऋण लिएर वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यताको अन्त्य हुनुपर्ने भन्दै विनाधितो नै ऋण उपलब्ध गराउने व्यवस्था लागू गर्न कार्यविधि ल्याउन लागिएको मन्त्रालयले जनाएको छ । कार्यविधिको अन्तिम मस्यौदा तयार भइसकेको मन्त्रालयका सहसचिव एवं प्रवक्ता डण्डुराज घिमिरेले बताए । 'मन्त्रालयले तयार पारेको मस्यौदालाई पूर्णरूप दिन विभिन्न सरोकारवालासँग छलफल अगाडि बढाउने तयारी भएको छ,' उनले भने, 'चाडवाडका कारण ढिलाइ भए पनि अबका केही दिनमा सरोकारवालासँग आवश्यक छलफल गरेर कार्यविधिलाई टुंगोमा पुऱ्याइने छ ।'




कार्यविधिको मस्यौदाअनुसार बैंकले दिने उक्त ऋण कामदारको खातामा नभई सीधै म्यानपावर कम्पनीलाई पठाउने व्यवस्था गर्न लागिएको छ । विदेश जाने कामदारले जुन बैंकबाट विनाधितो ऋण प्राप्त हुन्छ सोही बैंकमार्फत आफ्नो परिवारलाई पैसा पठाउने र ऋणको किस्ता पनि तिर्दै जाने व्यवस्था लागू गर्न खोजिएको छ । कामदारले प्राप्त गर्ने ऋणको धितोको रूपमा बिमालाई लिइने र सरकार जमानी बस्नसक्ने बताइएको छ ।

वैदेशिक रोजगारीमा जाने कामदारलाई विनाधितो ऋण दिन सके चर्को ब्याजदरमा व्यक्तिसँग ऋण निकाल्नुपर्ने बाध्यता अन्त्य गर्न र म्यानपावरले तोकिएभन्दा बढी शुल्क लिन नसकून् भन्ने मनशायले मन्त्रालयले मस्यौदा तयार पारेको प्रवक्ता घिमिरेले बताए । 'यसका लागि ग्लोबल आइएमई, सिटिजन्स, प्रभुलगायतका बैंकसँग छलफलसमेत भई सकारात्मक प्रतिक्रिया आएको छ,' उनले भने ।

कामदारले वैदेशिक रोजगारीमा गइसकेपछि जुन बैंकबाट ऋण लिएको हो सोही बैंकमार्फत स्वदेशमा पैसा पठाउनुपर्ने व्यवस्थाले हुण्डीलगायत अवैध कारोबारमा कमी आउने, रेमिटचान्समा वृद्धि हुने र सामाजिक सुरक्षा कोषमा पनि मासिकरूपमा योगदान पुग्ने मन्त्रालयको विश्वास छ । यसका लागि मन्त्रालयले नीतिगत व्यवस्था गरिसकेको जनाएको छ ।

श्रममन्त्री शरतसिंह भण्डारीले पनि आफ्नो पहिलो १०० कार्यदिनको प्रगति विवरण सार्वजनिक गर्दै महँगो ब्याजदरमा ऋण लिएर वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता अन्त्य गर्न मन्त्रालयले बैंकमार्फत विनाधितो ऋणको व्यवस्था गर्न लागेको बताएका थिए । यही कात्तिक ९ गते पत्रकार सम्मेलन गरेर मन्त्रालयले गरेको उपलब्धि र गतिविधिहरूबारे जानकारी दिँदै विपन्न वर्गका नगारिकलाई राहत पुग्नेगरी वैदेशिक रोजगारीमा जाँदा विनाधितो ऋण दिने व्यवस्था छिट्टै कार्यान्वयनमा ल्याइने उनले बताएका थिए ।

### साउदीमा थप १५ जनाले पाए 'एक्जिट भिसा'

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि साउदी अरेबिया पुगेर विभिन्न समस्या झेलिरहेका थप १५ जना नेपाली श्रमिकले बहिर्गमन 'एक्जिट' भिसा पाएका छन् । साउदीस्थित नेपाली दूतावासको समन्वयमा त्यहाँको अध्यागमन कार्यालयले. हुरुब (कम्पनी छोडेर भागेका) लागेका र इकामा (बस्ने अनुमति) सकिएका वा नपाएका उनीहरूलाई एक्जिट भिसा दिएको हो ।

साउदीले एक्जिट भिसा दिन थालेयता झण्डै ४७ सय नेपाली स्वदेश फर्किसकेको दूतावासले जनाएको छ । गैरकानुनीरूपमा रहेका आप्रवासी कामदारलाई स्वदेश फर्कन दिने नीतिअनुरूप साउदी अध्यागमनले विदेशी श्रमिकलाई एक्जिट भिसा दिइरहेको छ । एक्जिट भिसा प्रोसेसिङ निःशुल्क हुने भएकाले यसबापत कुनै पनि निकायमा शुल्क बुझाउनु नपर्ने दूतावासले जनाएको छ । तर, एक्जिट भिसा आइसकेपछि नेपाल फर्किने हवाई टिकट व्यक्ति स्वयंले व्यवस्था गर्नुपर्ने दूतावासले जारी गरेको सूचनामा उल्लेख गरिएको छ ।

इकामाको म्याद सकिएको तीन महिनाभन्दा बढी भइसकेका वा साउदी आएको तीन महिनाभन्दा बढी समयसम्म पनि इकामा प्राप्त नगरेका वा हुरुब लागेका व्यक्तिको मात्र एक्जिट भिसा प्रोसेसिङ गरिदिने दूतावासले प्रस्ट पारेको छ । साथै भिसा दिने सम्पूर्ण अधिकार साउदी अध्यागमन कार्यालयसँग मात्रै हुने उल्लेख गरिएको छ ।




## पृष्ठ १ बाट क्रमशः

## दीपक मनाङे...

पछिल्लोपटक गत १७ भदौसम्मै उनी मन्त्री थिए । सत्ता समीकरण फेरिएसँगै भौतिकबाट वनमन्त्री बनाइएपछि रुष्ट उनले मन्त्रालय नै बेच्न राखेको भनेपछि निकै आलोचित भए । यद्यपि, संकटको बेला साथ दिएको भन्दै मनाङेलाई हटाउन चौतर्फी दबाब बढ्दासमेत मुख्यमन्त्री पाण्डे तयार थिएनन् । विवादकैबीच मनाङे राजीनामा बुझाएर सत्ताबाट बाहिरिए । यसपछि मुख्यमन्त्री पाण्डेलाई हाइसञ्चो भयो । मनाङे हाल गण्डकी संसद्मा स्वतन्त्र सांसद छन् । यसअघि उनी नेकपा एकीकृत समाजवादीका सांसद थिए । तर, जतिबेला उनी गुण्डा नाइके भनेर चिनिए, त्यसबेला नेपाली कांग्रेसमा थिए । त्यसपछि राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) मा प्रवेश गरे । यसरी दलसमेत अदलबदल गरेका मनाङे त्यस्ता प्रदेश सांसद भए, जो गण्डकीमा हालसम्म मुख्यमन्त्री भएका पृथ्वीसुब्बा गुरुङ, कृष्णचन्द्र नेपाली, खगराज अधिकारी र सुरेन्द्रराज पाण्डे गरी चार जनाकै क्याबिनेटमा सहजै मन्त्री बन्ने सौभाग्य पाउनेमा एक्ला सांसद भए ।

उनी राजनीतिका चतुर खेलाडी पनि देखिए । जस्तो, २०७७ मा नेकपा फुटेपछि माओवादी केन्द्रले पृथ्वीसुब्बालाई दिएको समर्थन फिर्ता लियो । उनले १६ वैशाख २०७८ मा सरकार जोगाउन मनाङेलाई युवा तथा खेलकुद मन्त्रालय सुम्पिए । त्यसबेला गुरुङले सामाजिक विकास मन्त्रालय फुटाएर मनाङेलाई खेलकुद मन्त्रालय सुम्पिएका थिए । यद्यपि, नेकपा विभाजनपछि अल्पमतमा परेका गुरुङ राजीनामा दिएर ठूलो दलको हैसियतमा पुनः मुख्यमन्त्री बने । उनले त्यसबेला मनाङेलाई फेरि मौका दिए । पृथ्वीसुब्बाको सरकार ढलेपछि १९ जेठ २०७८ मा कांग्रेसका कृष्णचन्द्र नेपाली पोखरेललाई सघाएर पुनः मनाङेले खेलकुद मन्त्रालय हत्याए ।

गण्डकी संसद्को दोस्रो कार्यकालको प्रारम्भमै मन्त्रीको लोभमा एकीकृत समाजवादीमा मनाङे प्रवेश गरे । यसपछि माओवादी केन्द्र, राप्रपा र मनाङेकोसमेत समर्थनमा एमालेका खगराज अधिकारी मुख्यमन्त्री चुनिए । तर, उनले मनाङेलाई मन्त्री बनाएनन् । माओवादी केन्द्रले अधिकारीलाई दिएको समर्थन फिर्ता लिएर १४ वैशाख २०८० मा कांग्रेसका सुरेन्द्रराज पाण्डेलाई मुख्यमन्त्रीमा सघायो । केन्द्रमा समीकरण बदलिएपछि ०८० चैतमा पाण्डेको सरकार अल्पमतमा पर्‍यो । पाण्डेले सरकार जोगाउन मनाङेलाई २९ वैशाख मा भौतिक पूर्वाधार मन्त्रालय जिम्मा दिए ।

यसपछि माओवादीले अधिकारीलाई समर्थन गरेपछि उनी पुनः एमाले-माओवादी गठबन्धन सरकारमा भौतिक पूर्वाधार मन्त्रालय नै लिएर सामेल भए । यद्यपि, सर्वोच्चको परमादेशले अधिकारीको मुख्यमन्त्री पद गुम्यो । मनाङेले पुनः पाण्डे नेतृत्वको सरकारमा भौतिक पूर्वाधार मन्त्रालय सम्हाले तर १७ असारमा बनेको कांग्रेस-एमालेको सत्ता समीकरणले अन्ततः वन मन्त्रालय पाउँदा असन्तुष्ट मनाङे राजीनामा दिँदै त्यसयता सत्ताबाहिर छन् ।

यतिबेला कांग्रेस-एमाले गठबन्धन बनेपछि मनाङेको समर्थन आवश्यक देखिँदैन । यहीबेला उनलाई उच्च अदालतले गरेको फैसलालाई सर्वोच्चले सदर गरेर फेरि कारागार जाने मार्ग खोलिदिएको छ । वरिष्ठ अधिवक्ता महेश नेपालका अनुसार सर्वोच्च अदालतको फैसलाको पूर्णपाठ आएपछि मनाङेले त्यसविरुद्ध पुनरावेदन दिन सक्छन् । तर, अदालतको फैसलापछि उनको सांसद पद धरापमा पर्ने देखिएको छ । संविधानको धारा १८७ र गण्डकी प्रदेशसभा नियमावलीको नियम २२१ मा भएको व्यवस्थाअनुसार मनाङे पक्राउ परेको अवस्थामा उनी प्रदेशसभा सदस्यबाट निलम्बित हुने छन् ।

नियमावलीमा भनिएको छ, 'कुनै सदस्यलाई फौजदारी मुद्दामा अदालतको फैसलाले कैदको सजाय हुने ठहर भएकोमा त्यस्तो कैदमा बस्नुपर्ने अवधिभर वा कुनै सदस्यले फौजदारी मुद्दामा अदालतको फैसलाबमोजिम कैदको सजाय भुक्तान गरिरहेकोमा सो अवधिभर वा कुनै सदस्यले कैद भुक्तान गर्न बाँकी रहेमा वा पक्राउ परि कैद भुक्तान नगरेसम्मको अवधिभर त्यस्तो सदस्य स्वतः निलम्बन भएको मानिने छ ।'

यस आधारमा वरिष्ठ अधिवक्ता नेपाल पनि ज्यान मार्ने उद्योगसम्बन्धी कसुर नैतिक पतन देखिने फौजदारी अभियोग रहे वा नरहेको भन्ने स्पष्ट कानुनी व्यवस्था नभएका कारण मनाङेको सांसद पद तत्काल खारेज नभई निलम्बनमात्रै हुनसक्ने बताउँछन् । 'उहाँको हकमा अहिले सांसद पद निलम्बन हुने देखिन्छ । किनभने उहाँविरुद्ध जुन अभियोग थियो, त्यो नैतिक पतन देखिने फौजदारी अभियोग हो कि होइन भन्ने स्पष्ट कानुनी व्यवस्था होइन,' उनले प्रभावसँग भने ।

प्रदेशसभा निर्वाचन ऐनमा भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागुऔषध बिक्रीवितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरणसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा अन्तिम फैसलामार्फत सजाय पाएको अवस्थामा प्रदेशसभा सदस्य पदमुक्त हुने व्यवस्था छ ।

■■■

## धमाधम उम्मेदवार...

त्यस्तै, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले इन्जिनियर ध्रुव महर्जनलाई उमेदवार बनाउने घोषणा गरिसकेको छ । पहिलोपटक स्थानीय निर्वाचनमा भाग लिन लागेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले उम्मेदवार चयन गर्न सकेको छैन । प्रतिनिधिसभाबाट उदाएको रास्वपा पनि यसपटक स्थानीय तहको निर्वाचनमा भिड्ने भएको छ । २०७९ असार ७ गते स्थापना भएको रास्वपा यसपटक स्थानीय तहको निर्वाचनमा भिड्न लागेको हो ।

स्थापना भएको छ महिनापछि भएको संघीय निर्वाचनमा रास्वपाले प्रत्यक्षमा सात र समानुपातिकतर्फ १३ गरेर कूल २० सिट जितेको थियो । त्यसपश्चात् २०८० वैशाखमा तनहुँमा भएको उपनिर्वाचनबाट एक सिट बढाउँदै रास्वपा २१ सिटको दल भएको हो । तर, २०८१ वैशाखमा भएको इलाम उपनिर्वाचनमा भने रास्वपा पराजित हुन पुगेको थियो । मंसिर १६ गते कीर्तिपुरसहित एक नगरपालिका उपप्रमुख, दुई गाउँपालिका अध्यक्ष, चार उपाध्यक्ष र वडाध्यक्ष पदमा चुनाव हुने तय भएको छ ।

### कीर्तिपुरमा कसले कति मत पाएका थिए ?

२०७९ को स्थानीय तह निर्वाचनमा नगरप्रमुखमा निर्वाचित राजकुमार नकर्मीले नौ हजार ४३ मत प्राप्त गरेका थिए । उनका निकटतम प्रतिस्पर्धी एमालेका केशवरत्न बज्राचार्यले पाँच हजार ५०७ मत ल्याएका थिए । माओवादी केन्द्रका शिवशरण महर्जनले चार हजार ९०, एकीकृत समाजवादीका बटुकृष्ण थापाले एक हजार १५३ मत ल्याएका थिए ।

राप्रपाका जितबहादुर विष्टले ५७२, नेमकिपाका श्रीकृष्ण महर्जनले ५३२, स्वतन्त्र उमेदवार मनोज बुढाथोकीले ३६५, नेपाली कांग्रेस (बिपी)का प्रविद् खनालले ८१ मत प्राप्त गरेका थिए । त्यस्तै, आमूल परिवर्तन मसिहा पार्टीका उमेदवार श्यामकाजी महर्जनले २१, स्वतन्त्र भीमकुमार महर्जनले १३ मत ल्याएका थिए ।

### ग्रामथानमा माओवादीबाट नमोनारायण

माओवादी केन्द्रले मोरङको ग्रामथान गाउँपालिकाको अध्यक्षमा नमोनारायण माझीलाई उम्मेदवार बनाउने घोषणा गरेको छ । माझी केही समय अगाडि नेपाली कांग्रेस छाडेर माओवादी केन्द्रमा प्रवेश गरेका थिए । उनी ०७४ सालमा फोरम लोकतान्त्रिकबाट ग्रामथान गाउँपालिकाको १ नम्बर वडाको वडाध्यक्षमा निर्वाचित भएका थिए । यस्तै २०७९ सालको निर्वाचनमा स्वतन्त्ररूपमा सोही वडाको अध्यक्षमा उम्मेदवार बनेका उनी तेस्रो बनेका थिए । यहाँ कांग्रेस, एमालेलगायत दलले भने उम्मेदवारबारे निर्णय गरिसकेका छैनन् ।

### एमालेले टुंग्यायो दुई उपाध्यक्षको उम्मेदवार

नेकपा एमालेले जाजरकोटको नलगाड नगरपालिकाको उपप्रमुखका लागि सुनिता बोहोरालाई उम्मेदवार बनाउने निर्णय गरेको छ । जाजरकोट केन्द्रबिन्दु भई आएको भूकम्पमा परी नलगाड नगरपालिकी उपप्रमुख सरिता सिंहको मृत्यु भएको थियो । दोलखाको गौरीशंकर गाउँपालिकाको उपाध्यक्षमा एमालेले उमा शेर्पालाई उम्मेदवार बनाउने भएको छ । त्यहाँ गत निर्वाचनमा कांग्रेस-माओवादी गठबन्धनबाट श्याम तामाङले जितेका थिए । तामाङको हृदयाघातका कारण निधन भएपछि अहिले उपनिर्वाचन हुन लागेको हो ।

### एक्लाएक्लै भिड्दै दलहरू

कांग्रेसले नेकपा एमालेसँग सत्ता साझेदारी गरेपछि माओवादी केन्द्र उपनिर्वाचनमा एक्लै लड्ने तयारीमा देखिन्छ । एमाले र कांग्रेसबीच पनि कीर्तिपुरमा कुनै तालमेल नहुने कांग्रेस नगरसभापति डंगोलले बताए । 'यहाँ कुनै तालमेल वा गठबन्धन हुँदैन,' उनले भने । ४४ मध्ये २३ सिट नेपाली कांग्रेसले जित हासिल गरेको ठाउँ भएकोले तालमेल नगर्ने संकेत कांग्रेस केन्द्रले गरेको छ । सत्ताको नेतृत्व गरिरहेको एमालेले भने यसबारे कुनै निर्णय गरेको छैन ।

■■■

## शुक्रबार उम्मेदवार...

उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने र दिउँसो ३ बजेदेखि ५ बजे सम्ममा उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने जनाएको छ ।

निर्वाचन कार्यक्रमअनुसार मंसिर १६ गते बिहान ७ बजेदेखि बेलुका ५ बजेसम्म सम्बन्धित मतदान केन्द्रमा मतदान हुने र मतदान सुरु हुनुभन्दा ४८ घण्टा अगाडि अर्थात् मंसिर १३ गते राति १२:०० बजे पछि मौन अवधि सुरु हुने आयोगले विज्ञप्तिमार्फत जानकारी दिएको छ । आयोगले ४१ पदका लागि उपनिर्वाचन गर्न लागेको हो ।

## सन् १८८३ को मुद्रणयन्त्र त्रिवि पत्रकारिता विभागलाई हस्तान्तरण





तस्बिरः रासस

**काठमाडौं (प्रस)**– सन् १८८३ मा निर्मित मुद्रणयन्त्र अब त्रिभुवन विश्वविद्यालयको पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागमा अवलोकन गर्न पाइने भएको छ ।

नगेन्द्रप्रसाद रिजाल नेतृत्वको मन्त्रिपरिषद्मा शिक्षा तथा सञ्चार राज्यमन्त्रीका रूपमा राष्ट्रको सेवा गरेका स्वर्गीय राधाप्रसाद घिमिरेको विराटनगर-२ स्थित निवासमा रहेको उक्त मुद्रणयन्त्र मंगलबार विभागलाई हस्तान्तरण गरिएको हो ।

विभागका प्रमुख डा. कुन्दन आर्याललाई स्वर्गीय घिमिरेकी कान्छीबुहारी दुर्गा घिमिरेले उक्त यन्त्र हस्तान्तारण गरिन् । पूर्वराज्यमन्त्री घिमिरेले २०१५ को आमनिर्वाचनमा पर्चा, 'पोस्टर' छाप्न भारतको कोलकाताबाट खरिद गरी विराटनगरको रंगेली रोडमा पायोनियर प्रिन्टि...ङ प्रेस २०१४ स्थापना गरेको वरिष्ठ पत्रकार मोहन भण्डारीले बताए ।

उक्त अवसरमा आमसञ्चार तथा पत्रकारिता केन्द्रीय विभागका प्रमुख डा. अर्यालले यन्त्रका माध्यमबाट छापाखानाको इतिहासबारे ज्ञान प्राप्त गर्न विद्यार्थी तथा शोधकर्तालाई सहयोग पुग्ने बताए । पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति विजु थपलियाले उक्त यन्त्र छापा पत्रकारिताको जीवन्त इतिहास झल्काएको बताए ।

मानवअधिकारीकर्मी सुशील प्याकुरेल, पत्रकार कनकमणि दीक्षित, प्राध्यापक कृष्ण पोखरेल, महेन्द्र मोरङ क्याम्पसका प्रमुख रामअवतार शरण, दिनेश श्रेष्ठलगायतले मुलुकको प्रमुख व्यापारिक केन्द्रमध्येको एक विराटनगरमा छापाखानाको विकासक्रमका साथै जटिल समयमा पर्चा, समाचारलगायत पाठ्यसामग्री छापेर छापा पत्रकारिताको विकासमा योगदान गरेको चर्चा गरे । राष्ट्रिय समाचार समिति सञ्चालक समितिका सदस्य एवं न्यु सृष्टी दैनिकका प्रधानसम्पादक शंकर खरेलको पहलमा उक्त मुद्रणयन्त्र विश्वविद्यालयले प्राप्त गरेको विभागका प्रमुख डा. अर्यालले जानकारी दिए ।


### टिम पार्टनर्स फण्ड लिमिटेडको
### प्रथम वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०७/२१

यस टिम पार्टनर्स फण्ड लिमिटेडको मिति २०८१ कार्तिक ७ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको प्रथम वार्षिक साधारण सभा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्नका लागि निम्न लिखित मिति, समय तथा स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण सेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थानः**

मितिः २०८१/०८/२१ (तदनुसार ६ डिसेम्बर, २०२४), शुक्रबार ।

समयः दिनको ३:३० बजे

स्थानः टिम पार्टनर्स फण्ड लिमिटेडको रजिष्टर्ड कार्यालय, टिम कर्पोरेट सेन्टर, सिनामंगल-९, गैरीगाउँ, काठमाडौं ।

**छलफलका विषयहरूः**

(क)सामान्य प्रस्तावः

१) आर्थिक वर्ष २०८०/०८१ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरण, नाफा नोक्सान विवरण, नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८१/०८२ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(ख)विशेष प्रस्तावः

१) संचालक समितिको सदस्य नियुक्त गर्ने ।

(ग)विविध ।

संचालक समितिको आज्ञाले

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०७/११ मा दर्ता कायम भएको **शंखरापुर एग्रिकल्चर डेभलपमेन्ट कम्पनी प्रा.लि.** (प्रा.लि.नं.२०१४२६/०७५/०७६) लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८१/०७/२० गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

श्री श्रवण कुमार श्रेष्ठ
लिक्विडेटर
इजाजत प्रमाण पत्र नं.४०४
फोन नं.९८५१२१७००४

### युएईमा रोजगार
कम्पनी : CLEANCO CLEANING SERVICES CO LLC
पूर्व स्वीकृति मिति : २०८१/०५/२० | LT. No. 310278 | चलानी नं. ६०२२७४८३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 30 | 20 | 800 | २९,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कातिक २८ गते (13th Nov. 2024) मा हुनेछ ।

SAUGAT EMPLOYMENT SERVICE PVT. LTD.
Battisputali, Ram Mandir Marg, Kathmandu, Nepal, Tel: +977-01-4589384,
Mob.9851086131, 9851067178, 9813129122, E-mail : saugatemployment1221@gmail.com
श्रम इजाजत नं. १२२१/०७४/०७५

### साउदीमा रोजगार
कम्पनी : Healthy body food restaurant for serving meals
पूर्व स्वीकृति मिति : २०८१/०७/१४ | LT. No. 313019 | चलानी नं.६०२२७५१९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Abdulrahman Al Amoudi Catering and Supply Company is a one-person company.
पूर्व स्वीकृति मिति : २०८१/०७/१४ | LT. No. 312867 | चलानी नं.६०२२७५२१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load And Unload Labour | 1 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : EidahAyedHamoud Al SharariFoundation
पूर्व स्वीकृति मिति : २०८१/०७/१४ | LT. No. 313018 | चलानी नं.६०२२७५१८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Electrician | 1 | 0 | 2500 | ८९,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Manufacturing Worker | 2 | 0 | 1000 | ३५,५३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कातिक २८ गते (13th Nov. 2024) मा हुनेछ ।

Al Faraz International Overseas Pvt. Ltd
Dhumbarai Mandikhatar, Budhanilkantha 9, Kathmandu, Nepal, Contact: 9847416116, Email: hiringalfaraz@outlook.com
Govt. License 1553/079/80

### CYPRUS मा रोजगार
कम्पनी : GRP Jobmarket Ltd
पूर्व स्वीकृति मिति : २०७९/११/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/२० | LT. No. 297422 | चलानी नं. ६०२२३१६७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | EUR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barman | 4 | 0 | 600 | ८८,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Chambermaid | 2 | 2 | 600 | ८८,११५ | | | | | | | |
| 3 | Cook | 7 | 0 | 900 | १३२,१७० | | | | | | | |
| 4 | Waiters | 4 | 1 | 700 | १०२,८०० | | | | | | | |

कम्पनी : CY Employment
पूर्व स्वीकृति मिति : २०८१/०४/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/२० | LT. No. 308335 | चलानी नं. ६०२२३१६४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | EUR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DOMESTIC WORKER | 0 | 25 | 400 | ५८,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः Hotel Dibyashree and Banquet (Bajeko Sekuwa) नागढुंगा-८, पोखरा, कास्कीमा मितिः २०८१ कातिक ३० गते (15th Nov. 2024) मा हुनेछ ।

ALMIGHTY INTERNATIONAL MANPOWER SERVICES PVT.LTD.(JAYA SHREE HANUMAN)
Basundhara-03,Kathmandu, Nepal, Tel: 023-590240, Mob: 9829385004 9862035436, 9815390322, 9816657602, 9704511603
9825911000, 9820565001, 9820561001, 9825912000, E-mail : almightynepal@gmail.com, Web: www.aimsrecruitment.com

### साउदीमा रोजगार
कम्पनी : BENA AL JASOOR LOGISTICS SERVICES COMPANY
पूर्व स्वीकृति मिति : २०८१/०७/१४ | LT. No. 312927 | चलानी नं. ६०२२७४८७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 6 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Nairat Food
पूर्व स्वीकृति मिति : २०८०/१२/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/२० | LT. No. 302975 | चलानी नं. ६०२२७८२५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR | 30 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कातिक २८ गते (13th Nov. 2024) मा हुनेछ ।

VARSHA MANPOWER PVT. LTD.
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

बुधबार, २१ कात्तिक, २०८१

| | |
|---|---|
| मेष | समय फुर्सदिलो रहनाले भेटघाट गर्ने अवसर हुनेछ। |
| वृष | अवसर प्राप्त भए पनि उपलब्धि हातपार्न समय मान्यजनको |
| मिथुन | शुभचिन्तकहरूको साथले काममा उत्साह जाग्नेछ । |
| कर्कट | केही काम रोकिनाले रकम हातलागी नहुन सक्छ। |
| सिंह | आफ्नै बेहोसीले नोक्सान पुर्याउला। |
| कन्या | रोकिएका काम बन्नाले उत्साह जाग्नेछ । |
| तुला | धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ। |
| वृश्चिक | मार्गदर्शन अनुचित लाग्नेछ । |
| धनु | लाग्नेछपरिस्थितिवश विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । |
| मकर | कमजोरीले केही समस्या उब्जाए पनि कार्य सम्पादन । |
| कुम्भ | परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ। |
| मीन | परिस्थिति सोचेजस्तो लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५२४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८२४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०२४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०२४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७२४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२२४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५२४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८२४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२१ कात्तिक, २०८१ (०६ नोभेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.२९ | १३४.८९ |
| युरो | १ को | १४६.४० | १४७.०५ |
| पाउन्ड स्टिर्लङ | १ को | १७४.०७ | १७४.८५ |
| स्विस फ्रैन्क | १ को | १५५.५५ | १५६.२४ |
| अस्ट्रेलियन डलर | १ को | ८८.५७ | ८८.९७ |
| क्यानाडियन डलर | १ को | ९६.५२ | ९६.९६ |
| सिङ्गापुर डलर | १ को | १०२.०० | १०२.४६ |
| जापानी येन | १० को | ८.८५ | ८.८९ |
| चिनियाँ युआन | १ को | १८.९३ | १९.०२ |
| साउदी अरब रियाल | १ को | ३५.७५ | ३५.९१ |
| कतारी रियाल | १ को | ३६.८५ | ३७.०१ |
| थाई भाट | १ को | ३.९८ | ४.०० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.५६ | ३६.७२ |
| मलेसियन रिङेट | १ को | ३०.७१ | ३०.८५ |
| दक्षिण कोरियन वन | १०० को | ९.७८ | ९.८२ |
| स्विडिस क्रोनर | १ को | १२.५८ | १२.६४ |
| डेनिस क्रोनर | १ को | १९.६३ | १९.७२ |
| हङकङ डलर | १ को | १७.२८ | १७.३५ |
| कुवेती दिनार | १ को | ४३८.४० | ४४०.३६ |
| बहराइन दिनार | १ को | ३५६.२० | ३५७.७९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# टहरमै बित्यो बाढीपीडितको दसैं तिहार



■ माधवप्रसाद घिमिरे र हरिहर थापा

**पाटन (ललितपुर)**– गत असोज ११ र १२ गतेको बाढीपहिरोबाट प्रभावित भएकाहरूका लागि हालसम्म पुनर्वासको व्यवस्था हुन सकेको छैन । पुनर्वासको व्यवस्था नहुँदा पीडितले आफन्तको घर, टहरा र छोराछोरीको डेरामा यसपटकको दसैं तिहार मनाएका छन् ।

छिमेकी बचाउन जाँदा आफ्नो परिवारका सबै सदस्य गुमाएका डुकुमान स्याङ्तान अहिले ठूलोबुवाको छोरा जिरामान स्याङ्तानको घरमा आश्रय लिएर बसेका छन् । परिवारका सबै सदस्य गुमाएर एक्लै बाँचेका डुकुमानलाई दसैं तिहारको उमंगभन्दा पनि परिवारका सदस्य गुमाउँदाको पीडाले विक्षिप्त बनाएको छ । कसैसँग राम्रोसँग कुरा गर्नसमेत नसक्ने अवस्थामा डुकुमान पुगेको उनका दाजु जिरामानले बताए । 'खानपिन पनि त्यति ध्यान दिएर खाँदैन, आफ्नै सुरको कुरा गरिरहन्छ, हिँडिरहन मात्रै खोज्छ,' उनले भने ।

बाढीपहिरो आएको दिन आफ्नो घर सुरक्षित ठानेर राति १ बजेतिर सुतिरहेका श्रीमती, दुई छोरा र छोरीलाई छोडेर घरभन्दा ५० मिटर तल रहेका सात घरमा बाढी पस्न थालेको देखेर छिमेकीको उद्धार गर्न तल झरेका डुकुमानले उद्धारमा खटिरहेका बेला आफ्नो परिवारको भने उद्धार गर्न पाएनन् । अरुलाई सुरक्षित स्थानमा ल्याइसकेका डुकुमानले आफ्नै घरमाथिबाट झरेको पहिरोले परिवार र घर पुर्न थालेको देखे, तर उनी घर पुग्नै पाएनन् ।

'पहिरो यति तीव्र गतिमा झर्‍यो कि ऊ पुग्नुअघि उनको घर पुर्‍यो । गुहार माग्यो, चिच्यायो अनि थचक्क भुँइमा बसेर रुनुको विकल्प भएन । उसले कसैलाई बचाउन सकेनन्,' दाजु जिरामानले भने ।

डुकुमानको श्रीमती राममाया, जेठा छोरा १४ वर्षीय अजय, ११ वर्षीय सुवास र नौ वर्षकी छोरी सलिनालाई पहिरोले पुर्‍यो । खोलाका किनारैकिनार तलैसम्म पुगेर छिमेकीहरूले बेपत्ता चारैजनाको खोजी गरे पनि फेला पार्न सकेनन् । चारैजना कहीँकतै जिउँदै भेटिने आश उनलाई थियो । असोज १२ गते दिउँसो करिब ३ बजेतिर श्रीमतीसहित दुई छोरा र एक छोरी एकैठाउँमा पुरिएको अवस्थामा फेला परे ।

'भ्याङमुनि चारैजना एकैठाउँमा थिचिएको अवस्थामा भेटियो, श्रीमती राममायाले उद्धार माग्दै हात उठाएको देखिन्छ,' दाजु जिरामानले भने । परिवारका पाँचमध्ये डुकुमान एक्लै जीवित छन् । उनका बुबा, आमा र दाइको पहिल्यै मृत्यु भइसकेको छ । उनी तीन वर्ष वैदेशिक रोजगारमा बसेर छ महिनाअघि मात्र स्वदेश फर्किएका थिए ।

डुकुमानलाई आश्रय दिएर राखिरहेका जिरामानको सात रोपनीभन्दा बढी खेत बढीले बगाएर नष्ट गरेको छ । 'आफ्नो भएको त्यही खेत हो, सबै बगाएर सखाप पार्‍यो । अन्न उब्जाउ हुने ठाउँ छैन,' उनले दुखेसो पोखे ।

बाढीपहिरोबाट विस्थापित बुद्धिमान स्याङ्तानको परिवार उच्च शिक्षा अध्ययनका लागि काठमाडौं रहेका छोराछोरीको डेरामा बसिरहेका छन्। 'अब बस्ने ठाउँ पनि रहेन, अर्को व्यवस्था तत्कालै हुने अवस्था पनि देखिएन, त्यसैले छोराछोरीको डेरामा केही समय बस्न गएका छौं,' माइती आएकी बुद्धिमानकी श्रीमतीले भनिन् ।

मानिखेलमा छ जनाको मृत्यु, दुई बेपत्तागरी आठ जनाको परिवारलाई जिल्ला प्रशासन कार्यालयबाट दुई लाख रूपैयाँका दरले उपलब्ध गराएको महाँकाल गाउँपालिकाका प्रवक्ता एवं वडा नं २ मानिखेलका अध्यक्ष जोनीकुमार न्यासुरले बताए ।

'मृतकका परिवारलाई संघीय सरकारले दिने रकम सम्बन्धित परिवारलाई दिइसकेका छौं । संघीय सांसद उदयशम्शेर राणाले २० हजार रूपैयाँ र पूर्वमन्त्री मोहनबहादुर बस्नेतको पहलमा २५ हजार रूपैयाँ पनि उनीहरूले पाइसकेका छन्, स्थानीय सरकारले दिने १५ हजार रूपैयाँ राहत केही दिनमा उपलब्ध गराउने छौं,' अध्यक्ष न्यासुरले भने, 'पुनर्वासका लागि वडा नं २ मानिखेलको टुटुवा डाँडामा व्यवस्था मिलाउनेगरी पालिकाबाट निर्णय भएको छ । उक्त निर्णय विभिन्न निकाय हुँदै मन्त्रिप रिषद्बाट पारित भएपछि स्थायी संरचना निर्माण गरेर त्यहाँ सार्ने व्यवस्थाका लागि लागेका छौं ।'

वडाध्यक्ष न्यासुरका अनुसार ठोट्ने खोलाका २९, लक्ष्यबासका तीन र मानिखेलबेंसीका छ परिवार गरी ३८ परिवार विस्थापित भएका छन् । 'त्रिपालमुनि बस्नुपरेको अवस्थाचाहिँ छैन, कोही आफन्तकामा, कोही गोठमा र कोही अध्ययनका लागि उपत्यकामा रहेका आफ्ना छोराछोरीको डेरामा बसिरहेका छन्,' उनले भने ।

वडा नं ३ गोटीखेलका अध्यक्ष मनोजकुमार पराजुलीका अनुसार वटा नं ३ मा चार जनाको मृत्यु र १९ परिवारको घरबार पूरै नष्ट गरेको छ । अरु ५२ घर अतिप्रभावित भई बासिन्दालाई विस्थापित बनाएको छ । 'खाद्यान्न भाँडाकुँडा र कपडा प्रत्येकले पाएका छन्, पुनर्वासका लागि व्यवस्था गर्ने काम हुँदै छ । विस्तृत विवरण पूरा नभएका कारण स्थानीय तहले दिने राहत दिन बाँकी छ, एक/दुई दिनमा वितरण गर्नेछौं,' उनले भने ।

विस्थापितको पुनर्वासका लागि स्थानीय तहले गरेको निर्णयअनुसार जिल्लाका सरोकार भएका सम्बन्धित सबै कार्यालयसँग समन्वयमा काम अगाडि बढिरहेको जिल्ला समन्वय समितिका प्रमुख ऋषिदेव फुयाँलले बताए । 'विस्थापितलाई सुरक्षित स्थानमा बसाउने व्यवस्थाका लागि हामी लागिरहेका छौं । उनीहरूलाई बासस्थान निर्माण गर्न कम्तीमा आठ आना जग्गाको व्यवस्थापन गर्नुपर्छ, यसका लागि स्थानीय तहले सुरक्षित ठाउँ पहिचान गरेर निर्णय सिफारिस गरिसकेको छ । अब जिल्ला प्रशासन कार्यालय हुँदै मन्त्रिपरिषद्बाट निर्णय भएपछि यो कामले मूर्तरूप पाउने छ,' प्रमुख फुयाँलले भने ।

महाँकाल गाउँपालिकामा बाढीपहिरोमा परी मृत्यु हुनेको संख्या १३ छ । जिल्लामा बाढीपहिरोले सबैभन्दा बढी क्षति पुर्‍याएको यस पालिकालाई ललितपुर महानगरले ५० लाख रूपैयाँ राहतस्वरूप उपलब्ध गराउने निर्णय गरिसकेको छ भने बागमती प्रदेश सरकारले यही कात्तिक २ गते शुक्रबार बसेको बैठकको निर्णयले अतिप्रभावित स्थानीय तह घोषित गरी रु ७५ लाख उपलब्ध गराउने निर्णय गरेको छ । *रासस*



**तरबार युद्ध** | प्यूठानको डल्ले सरायँ मेलामा सांकेतिक राजा र राक्षस बनेर तरबार युद्धको अभिनय गर्दै कलाकार । तिहारको भोलिपल्ट लाग्ने यस मेलामा चौबिसे राज्यअन्तर्गतको भित्रिकोट राज्यमा १३औं शताब्दीमा चन्दबंशी शासन सुरु गर्दा राक्षसी स्वभावका जाट राजालाई बध गरी राज्य सञ्चालन गरेको सम्झनामा प्रत्येक वर्ष सरायँ नाच्ने परम्परा रही आएको छ । *तस्बिरः शशिधर भण्डारी/रासस*

# कोप-२९: छुट्टै उच्चस्तरीय बैठक आयोजना गर्दै नेपाल

**काठमाडौं (प्रस)**– नेपालले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि (युएनएफसिसिसी)का पक्ष राष्ट्रहरूको २९औं सम्मेलन (कोप-२९)मा 'एजेण्डा' लाई उठान गर्न विभिन्न तयारी गरेको छ ।

यही नोभेम्बर ११ देखि २२ तारिख (कात्तिक २६ देखि मंसिर ७ गते) सम्म अजरबैजानको बाकुमा हुने कोप-२९ सम्मेलनमा नेपालले राष्ट्रपति रामचन्द्र पौडेलको नेतृत्वमा सहभागिता जनाउँदै छ । उनले उद्घाटनका अवसरमा आयोजना हुने उच्चस्तरीय सत्रको 'विश्व नेताहरू जलवायु कार्य शिखर सम्मेलन'मा सम्बोधन गर्ने छन् । यसका साथै नेपालले आफ्ना एजेण्डामाथि विश्वको ध्यानाकर्षण गराउन नोभेम्बर १३ तारिखमा राष्ट्रपति पौडेलको नेतृत्वमा छुट्टै उच्चस्तरीय सत्र सञ्चालन गर्ने तय भएको वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले जानकारी दिए । सम्मेलनकक्षमै अलग कार्यक्रम सञ्चालन गर्नका लागि नेपाल सरकारले युएनएफसिसिसी सचिवालयबाट अनुमतिप्राप्त गरिसकेको छ ।

मन्त्री शाहीका अनुसार यसपटकको सम्मेलनमा 'पर्वतीय क्षेत्रमा जलवायुजन्य हानि तथा नोक्सानीको सम्बोधन' विषयक उच्चस्तरीय बैठकको आयोजना हुने छ। बैठकमा संयुक्त राष्ट्रसंघका प्रतिनिधि, पर्वतीय मुलुकका प्रमुख तथा प्रतिनिधि, विकास तथा साझेदार निकायका प्रमुख तथा प्रतिनिधि, सरोकारवाला निकायका प्रतितिधिको सहभागिता रहने जनाइएको छ । कार्यक्रममा नेपालले मेलम्ची, मुस्ताङ, कञ्चनपुर, थामे, काठमाडौं उपत्यकालगायत क्षेत्रमा असामान्य मौसमीजन्य घटनाका कारण आएको बाढीपहिरो तथा यसबाट भएको क्षतिबारे जानकारी गराउने तयारी गरेको छ ।

कोप-२९ मा नेपालको तयारी अन्तिम चरणमा पुगेको जानकारी गराउँदै उनले सम्मेलनमा हुने सम्बन्धित विषयका सत्र, वार्ता, छलफल र प्राविधिक सत्रमा प्रभावकारी र उपलब्धिपूर्ण सहभागिताका लागि विषयगत विज्ञ समूह बनाइएको बताए ।

यसका साथै नेपालले जलवायु परिवर्तनसम्बन्धी विभिन्न महासन्धिको पक्ष राष्ट्र भई आफ्ना प्रतिबद्धता पूरा गर्दै आएको छ । नेपालले सन् २०५० सम्म कार्यान्वयन गर्ने राष्ट्रिय अनुकूलन कार्यक्रम तयार गरी कार्यान्वयनसमेत गरिरहेको छ । गत वर्ष संयुक्त अरब इमिरेट्सको दुबईमा सम्पन्न कोप-२८ मा पनि नेपालले हिमालका मुद्दाबारे विश्वको ध्यानाकर्षण गराउन प्रधानमन्त्रीको नेतृत्वमा सम्मेलनकक्षमै उच्चस्तरीय बैठकको आयोजना गरेको थियो ।

नेपालले यसअघि सन् २००९ डेनमार्कको कोपहेगनमा भएको कोप-१५ मा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपाल, सन् २०१८ मा पोल्याण्डमा भएको कोप-२४ मा तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारी, सन् २०२१ मा संयुक्त अधिराज्यको स्कटल्याण्डमा सम्पन्न कोप-२७ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा र सन् २०२३ मा संयुक्त अरब इमिरेट्सको दुबईमा सम्पन्न कोप-२८ मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालको नेतृत्वमा सहभागिता जनाएको थियो ।

वन मन्त्रालयका सचिव डा. दीपककुमार खरालले कोप-२९ को तयारीका लागि मन्त्रालयले राष्ट्रिय मार्गदर्शन तयार गरी सोहीअनुसार कार्य गरेको बताए । कोप-२९ सम्मेलन विशेषगरी जलवायु वित्तमा बढी केन्द्रित हुने जानकारी गराउँदै उनले भने, 'यसबाहेक जलवायुका लक्ष्य हासिल गर्न नयाँ नीति, योजना र कार्यक्रम तय गरेर जानुपर्छ भन्ने छ भने अर्कातिर जलवायुका असर न्यूनीकरणका लागि लगानी प्रविधि तथा क्षमता विस्तार गरेर जानुपर्छ भनेर तय भएको छ ।' 'क्लाइमेट फाइनान्स' र 'कार्बन क्रेडिट' विषयलाई अन्तिम रूप दिने र रकमको स्रोतसमेत निर्धारण गर्ने काम हुने भएकाले यो सम्मेलन जलवायु वित्तका दृष्टिकोणले महत्त्वपूर्ण हुने बताइएको छ ।

मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख डा. सिन्धुप्रसाद ढुंगानाले नेपालले कार्बन व्यापार, न्यूनीकरण, अनुकूलन, लैंगिक समानता, समावेशीकरण, जलवायु वित्त, क्षमता विकास, पारदर्शिता र सुशासन, पर्वतीय मुद्दामा विधागत समूह निर्माण गरी प्रदेश तहसम्मका सुझाव लिएर राष्ट्रिय स्थितिपत्र तयार गरिएको बताए । मन्त्रालयले कोप-२९ का लागि तयार गरेको राष्ट्रिय स्थिति पत्रमा हानि तथा नोक्सानी, पर्वतीय क्षेत्र र जलवायु वित्तका मुद्दालाई प्राथमिकतामा राखेको उनले जानकारी दिए ।

उनका अनुसार नोभेम्बर ५ र ६ तरिखमा कम विकसित मुलुक (एलडिसिज) को समूहगत तयारी बैठक हुने, ९ र १० तारिखमा जि-७७ एण्ड चाइना समूहको बैठक हुने र ती दुवै समूहका बैठकमा नेपाल सहभागी हुने छ ।

वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन राष्ट्रिय परिषद्का सदस्य विमल रेग्मीले कोप-२९ मा नेपालले आफ्नो राष्ट्रिय आवश्यकता र चासोअनुसार हिमाली क्षेत्रका मुद्दालाई प्राथमिकताका साथ उठाउनुपर्ने बताए । 'हिमाली क्षेत्रमा जलवायु परिवर्तनले गरेको असरलाई प्राथमिकताका साथ उठाउनुपर्छ, नेपालको जलवायु संकटको समाधानका लागि यो अपरिहार्य पनि छ, यसमा अरु मुलुकको कम चासो पनि हुन्छ,' उनले भने ।


**Kalika Municipality**
**Office of Municipal Executive**
Redcrossgram, Chitwan
Bagmati Province

**INVITATION FOR SEALED BIDS**

First date of publication: - 6th November, 2024 (2081-07-21)

1. Kalika Municipality Office of Municipal Executive Redcrossgram, Chitwan invites electronic sealed Bids from eligible bidders for **"SUPPLY AND DELIVERY OF PRINTERS, TONER CARTRIDGE, BRANDED DESKTOP COMPUTER, LAPTOPS AND ACCESSORIES"**, mentioned in the table below.

| S. N. | Contract No. | Description of Work | Bid Validity/Bid Bond Validity Period | Bid Security Amount (NRs.) | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|
| 1. | 03/Goods/ NCB/KM/ 081/082 | SUPPLY AND DELIVERY OF PRINTERS, TONER CARTRIDGE, BRANDED DESKTOP COMPUTER, LAPTOPS AND ACCESSORIES | 120 days from the day of bid opening, that is upto (2081-12-25)/ (7th April, 2025) | 65,000.00 | 3,000.00 |

Last Date of Sealed Bids Submission Date: Before 12 PM on 2081-08-23 (8th December, 2024).
Sealed Bids Opening Date: At 13:00 PM on 2081-08-23 (8th December, 2024).
Location: Kalika Municipality Office of Municipal Executive, Redcrossgram, Chitwan.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Kalika Municipality Office of Municipal Executive Redcrossgram, Chitwan during office hours or may visit PPMO's e-GP system **www.bolpatra.gov.np/egp.**

**Chief Administrative Officer**



**कुवेतमा रोजगार** कम्पनी : LMSAT DAFFODIL BEAUTY SALON FOR LADIES

पूर्व स्वीकृति मिति : २०७९/११/१७ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/२० LT. No. 281789 चलानी नं. ६०१९७८४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 2 | 150 | ७०,१५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Makeup Artist | 0 | 2 | 150 | ६५,७७० | | | | | | | |
| 3 | Manicurist | 0 | 2 | 150 | ६५,७७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कात्तिक २८ गते (13th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



**साउदीमा रोजगार** कम्पनी : FOOD SYSTEMS TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०५/२७ LT. No. 310703 चलानी नं. ६०२२७४९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CHEF (COOK) | 3 | 0 | 1400 | ५०,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कात्तिक २८ गते (13th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**AL-HERA OVERSEAS PVT. LTD.**
Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, E-mail:alheraoverseas@ntc.net.np, jaynulrain@yahoo.com, khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com
श्रम ईजाजत नं. ५०१/०६१/०६२



**कुवेतमा रोजगार** कम्पनी : OCEANS GENERAL TRADING AND CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०७/२० LT. No. 313183 चलानी नं. ६०२२७५२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Indoor | 12 | 25 | 85 | ३७,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कात्तिक २८ गते (13th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Dana Human Resource Nepal Pvt. Ltd.**
Sinamangal, Kathmandu, Tel No. +977-01-5923344, Phone No: 980-2373747
Email Id: dananepalpg@gmail.com, info@dananepal.com, website : www.dananepal.com
Govt. Lic.No 1692/081/81

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### म्यानपावर पोस्ने श्रममन्त्रीको निर्णय रोक

**सरकारले दक्षिण कोरियामा म्यानपावरबाटै कामदार पठाउन पाउने कार्यविधि तयार गरेको छ । योसँगै भाषा परीक्षा, सीप परीक्षणपछि कामदार पठाउन कोरिया र नेपाल सरकारबीच भएको जिटुजी सम्झौताअन्तर्गतको रोजगार अनुमति प्रणाली (इपिएस) संकटमा पर्ने जोखिम बढेको छ । श्रममन्त्री शरतसिंह भण्डारीले म्यानपावर कम्पनीलाई पोस्ने उद्देश्यसहित सीपयुक्त कामदार पठाउनेसम्बन्धी कार्यविधिलाई पुनः ब्युँताएसँगै इपिएस प्रभावित हुने अवस्था सिर्जना हुने मन्त्रालयकै अधिकारीहरू बताउँछन् । ती अधिकारीका अनुसार अब ई–७ भिसामा म्यानपावरलाई १५ लाख रूपैयाँसम्म तिरेर कोरिया जानुपर्ने अवस्था आउनसक्छ ।**

**यसअघि पनि ई–७ भिसामा सीपयुक्त कामदार कोरिया पठाउने सम्बन्धमा स्पष्ट विधि, मापदण्ड र प्रणाली विकास नगरी म्यानपावर कम्पनीको मनोमानी हुनेगरी बाटो खोलिदिने काम अघिल्लो कार्यकालमा नै श्रममन्त्री भण्डारीले गरेका थिए । तर, सरकार परिवर्तनपछि उक्त निर्णय कामदारको पक्षमा नदेखिएको भन्दै तत्कालीन श्रममन्त्री डोलप्रसाद अर्यालले रोकिदिएका थिए ।**

**एक त इपिएस अहिलेसम्म पारदर्शी र कोरियाली सरकार लेसमेत भरपर्दो मानेको छ । जुन माध्यमबाट कोरिया पुग्ने सपना बोकेका हजारौं नेपाली युवा इपिएस भाषा परीक्षाको तयारीमा छन् । कोरियासँग भएको जिटुजी सम्झौताअन्तर्गत सरकारले नै कोरियामा कामदार पठाउने इपिएस सम्झौता नवीकरण गर्ने अन्तिम तयारी भइरहेको अवस्थामा मन्त्रालयले ई–७ भिसामा कामदार म्यानपावरमार्फत पठाउनेगरी कार्यविधि पुनः जारी गर्नु सुखद हैन ।**

**कार्यविधिमा इजाजतपत्र प्राप्त म्यानपावर कम्पनीले तोकिएको मापदण्ड पूरा गरेमा ई–७ भिसा प्रणालीअन्तर्गत कोरियामा श्रमिक पठाउन सकिने व्यवस्था गरेको छ । यो सबै म्यानपावर कम्पनीको सहजताका लागि बनेको कार्यविधि हो । यस्तै कार्यविधिबमोजिम कोरियामा नेपाली नागरिकलाई रोजगारीका लागि पठाउँदा लाग्ने हवाइभाडा, बिमा, स्वास्थ्य परीक्षण, कल्याणकारी कोषमा योगदान, सामाजिक सुरक्षा कोषमा योगदान र श्रम स्वीकृतिमा लाग्ने खर्च रोजगारदाताले व्यहोर्ने भनिएकोमा सोहीअनुरूप हुने र अन्यको हकमा मन्त्रालयले तोकेबमोजिम हुने उल्लेख छ । जुन कामदारको हितमा छैन ।**

**इपिएस प्रणाली नवीकरणसँगै कोरियामा ई–७ भिसामा पनि सरकारले नै सीपयुक्त कामदार पठाउन समझदारी गर्न सक्ने अवस्था हुँदाहुँदै म्यानपावर कम्पनीलाई पोस्नेगरी मन्त्री भण्डारीले हतारहतार संशोधित कार्यविधि भन्दै पुरानै कार्यविधिलाई ब्युँताएको देखिन्छ । यस्तो गर्दा एक त म्यानपावर कम्पनीलाई कमाउने बाटो खुल्ने छ भने श्रमिक मारमा पर्ने निश्चित देखिन्छ । हाल इपिएसमार्फत निःशुल्क कोरिया जान पाइरहेका हजारौं युवाहरू यसबाट प्रभावित त हुने नै छन् नै, कोरियाली सरकारले यही विषयलाई लिएर इपिएस खारेज गरिदिए मुलुकले एक आकर्षक रोजगार गन्तव्य गुमाउनुपर्ने छ । म्यानपावर व्यवसायीको दबाबमा परेर कामदार र मुलुकलाई नै घाटा हुने कार्यविधि कार्यान्वयन नगरियोस् । व्यवसायी पोस्ने मन्त्री भण्डारीको यो कदम तत्काल रोक्नुको विकल्प छैन ।**

## मनन्योग्य

### चाणक्य नीति

विष्णुगुप्त पण्डित राधामोहनको पाठशालामा विद्या पढ्न थाले । उनको लगनशीलता, बुद्धि, चातुर्य केही दिनपछि अगाडि आउन लाग्यो । कुनै विद्यार्थीलाई धेरै घोके (रटे) पनि हेक्कै नहुने कुनै कुरा ती विष्णगुप्त सुनेर मात्र कण्ठस्थ (मुखाग्र) गर्दथे प्रत्येकका मुखबाट विष्णुगुप्तको प्रशंसा सुनिन थाल्यो ।

थोरै समयमा नै जिज्ञासु विष्णुगुप्तले गुरुका खुट्टा दबाउँदै तक्षशिला विश्वविद्यालयमा अध्ययन गर्ने आफ्नो इच्छा प्रकट गरे । यो कुरा सुन्दा पण्डित राधामोहन गद्‌गद् भए । उनले विष्णुगुप्तलाई अँगालो हालेर आँखाभरि आँसु पार्दै भने- 'बाबु ! तिमीले मेरो मनको बोली बोल्यौ, मेरो आफ्नो ठूलो इच्छा थियो कि यो विद्यालयको कुनै विद्यार्थी तक्षशिला गएर ज्ञान आर्जन गरोस् र यो विद्यालयको नाउँ उच्च पारोस् र मलाई तिम्रो प्रतिभामाथि, तिम्रो विलक्षण बुद्धिप्रति पूरा विश्वास छ, तिमी एक दिन यो विद्यालयलाई पनि महाविद्यालयको स्तर प्रदान गर्न सक्नेछौ । तिमी तक्षशिला विश्वविद्यालयमा हजारौं विद्यार्थी बीचमा स्वाती नक्षत्रझैं चम्कनेछौ । मेरो आशीर्वाद सधैं नै तिम्रो साथ छ ।

ईश्वर त अत्यन्तै दयालु छन्, उनैले त हजुरलाई मसम्म पठाए । चाणक्य अर्थात् विष्णुगुप्तका यस्ता कुरा सुनेर पण्डितजी केही हाँसे अनि भने- 'कुनै चिन्ता छैन, तिमी मसँग हिंड, म गाउँको एक पाठशालाको अध्यापक हुँ अनि म पनि एक्लै छु । ती पण्डितजी आफ्नो गाउँमा पुगे । दुई तीन दिनको सेवापछि विष्णुगुप्त स्वस्थ पनि भए । एक दिन विष्णुगुप्तले पण्डितजीसँग भने- 'हजुरले म अनाथलाई पितातुल्य स्नेह दिनुभयो, म हजुरको ऋणबाट कसरी मोक्ष पाउँला ! मेरा पिताजी धेरै पढाउने इच्छा गर्नुहुन्थ्यो । के हजुर मलाई शिक्षा दिनुहुन्छ !' 'किन हुँदैन बाबु ! शिक्षा दिनु नै हाम्रो धर्म हो । म जति योग्य छु, तिमीलाई पनि अवश्य योग्य बनाउछु', पण्डितजीले भने । क्रमशः

# छठ पर्वः समाज चिनाउने खुला संग्रहालय

■ अजयकुमार साह

'

सूर्यको उपासना गर्नाले मनुष्यलाई सम्पूर्ण रोगबाट छुटकारा प्राप्त हुन्छ । जसले सूर्यको उपासना गर्छ, ऊ दरिद्र, दुःखी, शोकग्रस्त र अन्धो हुँदैन । सूर्यलाई ब्रह्माको तेज पनि भनिन्छ । सूर्यले धर्म, अर्थ, काम र मोक्ष यी चार पुरुषार्थ प्रदान गर्नाको साथै सम्पूर्ण संसारको रक्षा पनि गर्छन् । श्रीकृष्णका पुत्र साम्बलाई कुष्ठरोग लागेको थियो । त्यस समयमा उनले सूर्यको उपासना गरेर यो रोगबाट मुक्ति पाएका थिए । सूर्यको पूजा वैदिककालभन्दा पनि पहिलेबाट भएको थियो ।

*केरवा ज फरल घउरस वोपर सुगा मडराय ।*
*मारबौ रे सुगवा धनुषस सुगा गिरे मुरझाय ॥*

अर्थात् छठ मातालाई चढाउने फलफूल जुठो हुनु हुँदैन । छठ मातालाई चढाउने केरा सुगाले नखाऊन् भनेर गीतबाटै सचेत गराउन खोजिएको हो । अहिले जनकपुरधामसहित सम्पूर्ण तराई मधेसको सहर बजारमा यस्ता लोकगीतको सुमधुर स्वर गुञ्जिएको सुनिन्छ । चार दिवसीय छठ पर्वको कात्तिक २० गतेदेखि विधिवत् शुभारम्भ हुँदै छ ।

छठको व्रतमा कुन देवी-देवताहरूको पूजा गरिन्छ भन्ने कुरा धेरैलाई थाहा नहुन सक्छ । छठ पूजाको व्रतमा सूर्य देवताको पूजाआराधना गरिन्छ, जुन प्रत्यक्ष देखिन्छ र समस्त प्राणीहरूको जीवनको आधार पनि हो । सूर्यको साथै षष्ठीदेवी अथवा छठ माताको पनि पूजा गरिन्छ । पौराणिक मान्यताअनुसार षष्ठी माताले सन्तानको रक्षा गर्नुको साथै उनीहरूलाई स्वास्थ्य र दीघार्यु बनाउँछिन् । यस अवसरमा सूर्यदेवका श्रीमतीहरू उषा र प्रत्युषालाई पनि अर्घ्य दिएर प्रसन्न बनाइन्छ । छठ व्रतमा सूर्यदेव र षष्ठीदेवी दुवैको पूजासँगसँगै गरिन्छ ।

यस पर्वमा पूजा गरिने प्रमुख छ देवी-देवताहरूमा सूर्यको पूजा सबैभन्दा पहिला गर्ने विधान रहेको छ । पञ्चदेवमा गणेश, दुर्गा, शिव, विष्णुका साथमा सूर्य पनि पर्छन् । भगवान् सूर्यले सबैलाई उपकार गर्ने, अत्यन्त दयालु छन् । उनले आफ्ना भक्तहरूलाई आयु, आरोग्य, धन-धान्य, सन्तान, तेज, कान्ति, यश, वैभव र सौभाग्य प्रदान गर्छन् । उनले सबैलाई चेतना पनि प्रदान गर्छन् । सूर्यको पूजा गर्दा उनलाई जलको अर्घ्य दिइन्छ । पवित्र नदीहरूको जलले सूर्यलाई अर्घ्य दिने र नुहाउनुको विशेष महत्त्व रहेको छ । वास्तवमा यो पूजा कुनै पनि सफा स्थानमा गर्न सकिन्छ ।

सूर्यको उपासना गर्नाले मनुष्यलाई सम्पूर्ण रोगबाट छुटकारा प्राप्त हुन्छ । जसले सूर्यको उपासना गर्छ, ऊ दरिद्र, दुःखी, शोकग्रस्त र अन्धो हुँदैन । सूर्यलाई ब्रह्माको तेज पनि भनिन्छ । सूर्यले धर्म, अर्थ, काम र मोक्ष यी चार पुरुषार्थ प्रदान गर्नाको साथै सम्पूर्ण संसारको रक्षा पनि गर्छन् । श्रीकृष्णका पुत्र साम्बलाई कुष्ठरोग लागेको थियो । त्यस समयमा उनले सूर्यको उपासना गरेर यो रोगबाट मुक्ति पाएका थिए । सूर्यको पूजा वैदिककालभन्दा पनि पहिलेबाट भएको थियो ।

शास्त्रमा भगवान् सूर्यलाई गुरु पनि भनिन्छ । पवनपुत्र हनुमानले सूर्यसँग नै शिक्षा प्राप्त गरेका थिए । श्रीरामले आदित्य हृदयस्तोत्रको पाठ गरेर सूर्य देवतालाई प्रसन्न गरेपछि मात्र रावणलाई अन्तिम वाण हानेका थिए र विजय भएका थिए । सूर्यले सबै प्राणीलाई समान रूपले कृपा गर्छन् । उनले कुनै किसिमको भेदभाव गर्दैनन् । यो पूजामा वर्ण अथवा जातिको आधारमा भेद छैन । यो पूजाप्रति समाजको हरेक वर्ग र जातिमा गहिरो श्रद्धा देखिन्छ । सबै मिलेर सँगसँगै यो पूजामा सहभागी हुन्छन् । हरेक जाति अथवा धर्मका मानिसले यो पूजा गर्न सक्छन् ।

कात्तिक शुक्ल चतुर्थीबाट छठको व्रतको थालनी हुन्छ । यो दिन व्रत गर्ने व्यक्ति र घरका सबै परिवारले दाल, चामल र लौकाले बनेको व्यञ्जन प्रसादका रूपमा ग्रहण गर्छन् । वास्तवमा यो तीन दिनसम्म छठ पूजाका लागि शारीरिक र मानसिक तयारी हो । कात्तिक महिनाबाहेक यो पूजा-व्रत चैत्र शुक्ल पक्ष चतुर्थीदेखि सप्तमीसम्म पनि गरिन्छ । त्यसलाई सामान्य बोलीचालीको भाषामा चैती छठ भनिन्छ ।

सूर्यसँग त सबै परिचित नै छन, तर छठ कुन देवी हुन् भन्ने पनि धेरैको मनमा कौतुहलता हुन सक्छ । सृष्टिको अधिष्ठात्री प्रकृति देवीको एउटा प्रमुख अंशलाई देवसेना भनिन्छ । प्रकृतिको छैटौं अंश भएका कारण यी देवीको नाम षष्ठी रहन गयो । षष्ठीदेवीलाई ब्रह्माको मानसपुत्री पनि भनिन्छ । पुराणहरूमा यी देवीको एउटा नाम काल्यायनी पनि हो । यी देवीको पूजा नवरात्रिमा षष्ठी तिथिमा गरिन्छ । षष्ठीदेवीलाई नै स्थानीय बोलीका आधारमा छठ माता भनिएको हो । यसले निःसन्तानहरूलाई सन्तान दिन्छिन् र सबै बालबालिकाको रक्षा पनि गर्छिन् ।

छठ माताको पूजाको सुरुआत कसरी भयो र यसको पुराण कथा कस्तो छ भने प्रथम मनु स्वायम्भुवका पुत्र राजा प्रियव्रतका कुनै सन्तान थिएनन् । यसले उनी निकै दुःखी थिए । महर्षि कश्यपले राजालाई पुत्रेष्टि यज्ञ गर्ने सल्लाह दिए । राजाले यज्ञ गराए, यज्ञपछि महारानी मालिनीले एउटा पुत्रलाई जन्म दिइन् । तर दुर्भाग्य त्यो शिशु मृत जन्मेका थिए । राजाको दुःख देखेर एउटा दिव्य देवी प्रकट भइन् । उनले ती मृत बालकलाई जीवित गरिदिइन् । देवीको त्यस्तो कृपाले राजा धेरै खुसी भएर उनले षष्ठीदेवीको स्तुति गरे । यही समयदेखि छठ माताको पूजाको सुरुआत भएको जनविश्वास छ ।

यो पूजामा केही मानिस जमिनमा बारम्बार सुतेर, कष्ट सहँदै नदीको किनारमा जान्छन् । सामान्य बोलीचालीको भाषामा यसलाई कष्टी देना भनिन्छ । प्रायः त्यस्तो त्यही समयमा हुन्छ, जब कसैले कुनै भाकल गरेको हुन्छ ।

### सत्य र अहिंसाको चाड

सत्य र अहिंसाप्रति मानवको रुचि बढाउने र सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्ने तराईवासीको महान् चाड हो, छठ पर्व । तराईका सबै जातजातिले साझा रूपमा मनाउने यस पर्वको विशेषता हो । समाजशास्त्री नागेन्द्र दुबेका अनुसार सूर्य उपासना परम्पराको मोहक पद्धति मानिएको संसारमा यही एक यस्तो पर्व हो जसमा अस्ताउँदो र उदाउँदो सूर्यलाई पूजा गरिन्छ । यस पर्वमा चाहिने भाँडाकुँडा वस्तुजातको बन्दोबस्त तराईमा एक महिना अगाडिदेखि नै गर्न थालिन्छ । छठ पूजाका लागि अहिले जनकपुरसहित सारा मिथिलाञ्चल बेहुलीझैं सिँगारिएको छ ।

श्रद्धालुहरूले जनकपुरको इतिहासमा वर्णित सरोवर गंगासागर, धनुषसागर, रामसागर, रत्नसागर, विहारकुण्ड, रूकमिणी सरोवर, अरगजा, महाराजसागर र अग्नि कुण्डलगायत कुण्ड, पोखरी, तलाउमा छठ पर्व मनाउने गर्छन् । तिहारको रौनक नसक्दै यहाँ पवित्र छठ पर्वको तयारीको चटारो लाग्ने गर्दछ । चोक चौराहादेखि घरघरबाट छठ गीतको धूनले पूरै सहरमा छठको रौनक छाउन थालेको छ । आराध्यदेव सूर्यको उपासना गरिने छठ पर्व निकै उत्साह र भक्तिभावका साथ मनाइन्छ । घरदेखि टाढा रोजगारी वा उच्च शिक्षा अध्ययनका लागि गएका परिवारका सदस्यहरूसमेत घरआँगनमा छठको रौनक सम्झिएर घर फर्किंदै छन् ।



छठ पर्व प्रकृतिप्रति कृतज्ञता व्यक्त गर्ने पर्व पनि हो । यो पर्वमा सूर्यलाई साक्षी राखेर खुला आकाशमुनि किसानले वर्षभरि मिहेनत गरेर उब्जाएको अन्नबाली सूर्यदेवलाई अर्पण गर्दै उनीप्रतिको अगाध आस्था प्रकट गरिन्छ । पारिवारिक सुख, शान्ति, कल्याण, रोगबाट मुक्ति तथा मनोकामना पूरा गर्न सूर्यको उपासना गरी यो पर्व मनाइन्छ । यो पूजामा जातीय आधारमा कहीं-कुनै भेदभाव छैन । समाजमा सबैलाई समान दर्जा दिइएको छ । सूर्य देवतालाई बाँसबाट बनेको सूप र डालोमा राखेर प्रसाद अर्पित गरिन्छ । ती कुराहरू सामाजिक रूपले अत्यन्त पिछडिएका जातिहरूबाट निर्मित हुन्छन् । त्यसले सामाजिक सन्देश कस्तो दिएको छ भन्ने कुरा प्रस्ट हुन्छ ।

अहिले तराई मधेसमा हाटबजार, सडक र गल्लीहरू छठ पूजाका लागि आवश्यक पर्ने पूजा सामग्री, माटोबाट बनाइएको कलश, दियो, हात्ती, बाँसको चोयाबाट बुनिएको परम्परागत भाँडाकुँडा नाङ्लो, दाउरा, सुपली, छैंटी, ढकनीबाट सजिएका छन् । उखु, केराउ, अदुवा, केरा, मूलालगायत कृषि उपजका साथै सक्खर मिसाएर बनाइएको गुलियो खिर, गहुँको पीठोबाट बनाइएको परम्परागत बुट्टे ठेकुवा, चिनीको चास्नीबाट बनाइएको बतासाले भान्छा, भूमिसँग जोडिएको जनजीविका र जनस्वास्थ्यको त्रिकोणात्मक सम्बन्धलाई झल्काइरहेको हुन्छ ।

सडक छेउमा लगाइएका बजारले तराईको संस्कृति, कृषि र विविधताले भरिपूर्ण यहाँको समाजबारे अध्ययन गर्ने खुल्ला संग्रहालयकै काम गरिरहेको प्रतीत हुन्छ । छठ पर्वका लागि माटाको भाँडाकुँडा कुम्हालेले बनाउँछन् भने बाँसको चोयाका भाँडाकुँडा दलित समुदायको डोम जातिले बुन्छन् । डोम समुदायले बुनेको बाँसको नाङ्लो, डगरा, सुपलि, छैटी, बेना (हाते पंखा) छठ पर्वका लागि नभई नहुने हस्तकला सामग्री हुन् ।

### पहाडी समुदायको आकर्षण पनि बढ्दो

केही वर्षअघिसम्म तराई मधेस क्षेत्रमा मात्रै मनाइने यो पर्वले विस्तारै राष्ट्रिय पर्वका रूपमा विस्तार हुँदै छ । छठ पर्वमा जात, धर्म, क्षेत्रीयतालाई ओझेलमा पार्ने गरी फरक-फरक समुदायका अनुहारहरू जलाशयमा डुबुल्की लगाउँदै सूर्यदेवको उपासना गरिरहेको हुन्छ । मूलपुरमा मधेसी समुदायको मुख्य पर्वका रूपमा मानिँदै आएको यो पर्व मनाउनेको भीडमा सिउँदोदेखि नाकको टुप्पासमेत ढाकिने गरी सिन्दूर लगाएर साडीको आँचलले शिर छोपेर आराधनामा व्यस्त पहाडी समुदायका गृहणी उल्लेख्य रूपमा देख्न थालिएको छ । नदी, पोखरी, जलाशयमा व्रतालुहरूको ठूलो भीड लाग्ने हुँदा अशक्त, वृद्धाहरूले घरमा नै छठको पूजा गर्ने गर्दछन् । घरको आँगन र छतमा पनि छठको पूजा र व्रत बस्ने गर्छन् ।

रोजगारी र अध्ययनका लागि काठमाडौंमा रहेका मानिस दसैं तिहार मनाएर फर्किएपछि तराई मूलका व्यापारी, कर्मचारी, मजदुर, विद्यार्थी घरतर्फको यात्रा गर्ने हतारोमा हुन्छन् । सामाजिक अभियन्ता बैजनाथ चौधरी भन्छन्, 'सामाजिक विविधताले भरिएको समाजको चक्रलाई एउटा समुदायले अर्को समुदायलाई जिम्मेवारी हस्तान्तरण गर्दै आ-आफ्ना पर्वहरूमा रमाएका हुन्छन् ।' तराईवासी मधेसी समुदायको मुख्य पर्वका रूपमा रहेको छठ अहिले पहाडी समुदायमात्र नभई मुस्लिम धर्मावलम्बीहरूले समेत आस्था र भक्तिपूर्वक मनाउने गरेको देखिन्छ ।

यस पर्वको अर्को विशेषता भनेको सबै जातजाति, ठूलासाना, धनी, गरिब सबै एकै ठाउँमा जम्मा भएर पूजाअर्चना गर्नु पनि हो । वर्षौंसम्म भेटघाट नभएकाहरू बोलचाल नभएकाहरूसँग पनि भेटघाट तथा वार्तालाप हुने अवसर यस पर्वले दिएको हुन्छ । छठ पूजा जो कोहीले पनि गर्न सक्छ । यो पूजाका लागि महिला-पुरुष भन्ने हुँदैन । तर, महिलाहरू सन्तानको कामना अथवा सन्तानको स्वास्थ्य र उनीहरूको दीघार्युका लागि समस्त विधि पूरा गर्दै पूर्ण श्रद्धाका साथ छठ पूजा गर्छन् ।

### यस्तो छ चार दिवसीय छठ पर्वको विधि

#### पहिलो दिन- "अरबा-अरबाइन":

चार दिवसीय छठ पर्वको पहिलो दिन अर्थात् चतुर्थीका दिनलाई 'अरबा-अरबाइन' वा नहाए खाय भनिन्छ । यो दिनमा व्रतालुहरूले खोला, नाला, नदी, पोखरी र तलाउलगायतका जलाशयमा गई नुहाइधुवाइ गरेर शुद्ध भई चोखो खाना खाने गर्छन् । व्रतालुले भोजनमा माछामासु, लसुन, प्याज र कोदो जस्तो वस्तु परित्याग गरी यसै दिनदेखि व्रत बस्न थाल्छन् । यो दिनलाई व्रतालुहरूले आँखा पनि भन्ने गर्छन् ।

#### दोस्रो दिन- "खरना":

पञ्चमी तिथिलाई 'खरना' (संरक्षण अर्थात् पापको क्षय) भनिन्छ । खरना छठ पर्वको अघिल्लो दिन भएकाले यो दिन व्रतालुहरू दिनभरि निर्जला व्रत बस्छन् । साँझपख नुहाएर चोखो हुन्छन् । आफ्नो कुलदेवता स्थापना गरेको पूजाकोठामा नयाँ चुलो स्थापना गरी प्रसाद बनाउने गरिन्छ । प्रसादका रूपमा विशेषगरी पाकेको केरा र खीरलाई लिने गरिन्छ । त्यसपछि गाईको गोबरले लिपपोत गरी अरबा चामलको पीठोबाट तयार पारिएको झोलले भूमि सुशोभित गरिन्छ । व्रतालुले राति चन्द्रोदयपछि चन्द्रमालाई पायस (खीर) चढाई सोही प्रसाद ग्रहण गर्छन् । यस दिनपछि व्रतीले पूर्ण व्रत लिनुपर्दछ ।

#### तेस्रो दिन-"सझिया घाट":

षष्ठीका दिन गहुँ र चामल ओखल, जातो वा ढिकीमा कुटान-पिसान गरी त्यसबाट निस्केको पीठोबाट विभिन्न गुलियो खाद्यसामग्री बनाइन्छ । छठ पूजाका सामग्री तयार पार्दा विशेष चनाखो हुनुपर्छ । पूजाका सामग्री चोखो र शुद्ध हुनुपर्दछ, जुठो हुन गएमा अनिष्ट हुने जनविश्वास छ । षष्ठी व्रतमा मानिसहरू उदाउँदै गरेको सूर्यको पनि पूजा गर्छन् भने अस्ताउँदै गरेको सूर्यको पूजा पनि उत्तिकै श्रद्धाका साथ गरिन्छ ।

#### चौथो दिन-"पार्वण":

पर्वको चौथो दिनलाई पारन (पार्वण) भनिन्छ । यस दिन बिहान सबेरै व्रतालुहरू पुनः जलाशयमा पुगी अघिल्लो दिन गरेको क्रम दोहोऱ्याइ प्रातःकालीन सूर्यलाई अर्घ दिई पर्वको समापन गर्दछन् । अर्घ सम्पन्न भएपछि सूर्य पुराण श्रवण गर्ने चलन छ । व्रतीले छठ व्रतको कथा सुन्छन्, सुनाउँछन् । यस पर्वमा यथासम्भव टुप्पोमा पात भएको चारवटा उखुलाई गाडेर त्यसभित्र पूजा गर्ने चलन पनि छ । प्रातःकालीन अर्घमा दीप मालाले सजिएका जलाशयमा अपूर्वको अनुभूति पनि प्राप्त हुन्छ । *रासस*



**छठको किनमेल** | महोत्तरीको जलेश्वर नगरपालिका-१ स्थित हटियामा छठ पूजाका लागि कलश, ढकनी, सरबीलगायत माटाकोका सामग्री किन्दै व्रतालु । छठ पर्वमा कुरबार, ढकनी, सरबी लगायतमा अर्घ्य (प्रसाद) चढाइन्छ । *तस्बिरः सञ्जीतकुमार मण्डल/रासस*

# वर्षौंदेखि काकाकुल छ जुम्लाको रारागाउँ

**जुम्ला–** यहाँको तिला गाउँपालिका-१ स्थित रारागाउँका गाउँले वर्षौंदेखि काकाकुल छन् । विभिन्न योजना सञ्चालन गरिए पनि प्रभावकारी कार्यान्वयन नहुँदा रारावासी खानेपानी अभाव भोग्न बाध्य भएका हुन् ।

आठ वर्षअघि संघीय खानेपानी कार्यालय जुम्लाबाट तिला-९ ढीपुबाट खानेपानी ल्याउने पञ्चवर्षीय योजना सुरु गरिए पनि उपभोक्ता समिति र कार्यालयले राम्रोसँग काम नगर्दा योजना सञ्चालन हुन सकेन । स्थानीय सरकार गठन भएपछि ५० लाख रूपैयाँमा गाउँमा खानेपानी लिफ्टिङ योजना बनाइयो तर पानी आइपुगेन ।

यहाँका बासिन्दाले धित मरुञ्जेल खानेपानी पिउन नपाएको पुस्तौं भइसक्यो । वि.सं. २०३५ मा निर्माण गरिएका चारवटा सार्वजनिक धारा छन् । यी धारामा दैनिक चार घण्टाका दरले पानी आउँछ । गाउँमा रहेका २६० घरधुरी चारवटा धाराको पानीमा निर्भर छन् । कहिलेकाहीं धारामा पानी नआउँदा एक घण्टा पैदल दूरीमा रहेको तिला नदीको पानी पिउन बाध्य छन् । ४३ वर्षअघि बनेको दुम्कली खानेपानी आयोजना जीर्ण हुँदा पानीको ...संकट झन् बढ्ने चिन्ता थपिएको छ । पानीको मूल विस्तारै सुक्न थालेको छ । मागअनुसार आपूर्ति नहुने भएकाले गाउँमा खानेपानीकै विषयमा दैनिकजसो झगडा हुने गरेको छ ।

रारागाउँ वरपर पर्याप्त उर्वर जमिन छ । तर, सिँचाइ अभावले गाउँ मरुभूमिजस्तो देखिन्छ । गाउँको तलपट्टि कर्णाली राजमार्गको छेउबाट तिला नदी बगिरहे पनि खेतमा सिँचाइका लागि कुलो नभएको स्थानीयवासी मानसिंह रावतले गुनासो गरे । 'घर वरिपरिका करेसाबारी बाँझै छन्, आयातित तरकारी र खाद्यान्न खानुपर्ने बाध्यता छ । उत्पादन हुने उर्वर जमिन त छ, तर सुक्खा छ,' रावतले भने, 'नदीको पानी खेर गइरहेको छ ।'

१४ वर्षअघि खानेपानी आयोजना निर्माण थालिए पनि बीचमै रोकिएको थियो । उक्त आयोजना किन रोकियो, कति बजेट खर्च भयो भन्नेबारे स्थानीयले थाहै पाएनन् । सो आयोजनाका लागि ल्याइएको जिआई पाइपलगायतका केही निर्माण सामग्री तिला गाउँपालिका-८, पुरुगाउँ खोलामा अहिले पनि लथालिंग छन् ।

खानेपानीको समस्या समाधानका लागि हाल गाउँपालिकाले चार करोड रूपैयाँको योजना कार्यान्वयनमा ल्याएको छ । गत आर्थिक वर्ष २०८०/८१ मा छ करोड रूपैयाँको ठेक्का आह्वान गरेकोमा चार करोड रूपैयाँमा निर्माण कम्पनी शिवदेउती, सुलोचना, बजु जेभीसँग तीन वर्षभित्र खानेपानी गाउँमा पुर्‍याउनेगरी सम्झौता भएको छ । पहिलो चरणको काम सुरु भएको गाउँपालिकाका प्राविधिक शाखा प्रमुख धनप्रसाद चौलागाईले जानकारी दिए ।

गाउँमा तीन वर्षभित्र खानेपानी पुर्‍याउनेगरी संघीय सरकारबाट प्राप्त विशेष अनुदानअन्तर्गत राष्ट्रिय योजना आयोगबाट विनियोजित जम्मा बजेट चार करोड ६९ लाख रूपैयाँमध्ये गत वर्ष ५० लाख र यो वर्ष एक करोड ५० लाख रूपैयाँ क्रमागत रकम पालिकामा प्राप्त भएको हो । उक्त योजनाका लागि संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) ले ९५ लाख रूपैयाँ सहयोग गरेको हो । सो योजनामा एक करोड १० लाख रूपैयाँ पालिकाले बजेट विनियोजन गरेको तिला गाउँपालिका अध्यक्ष मोतिलाल रोकायाले बताए ।

योजना छिटो सम्पन्न गर्न अनुगमनलाई प्राथमिकतामा राखिएको तिला गाउँपालिका उपाध्यक्ष गोरीकला बुढाले जानकारी दिए । तिला-६ बाट रारा गाउँसम्म मुहानको संरचना १५ किलोमिटर लामो छ । गाउँमा खानीपानी निर्माण योजनाको काम अघि बढेपछि स्थानीयवासीमा खुसी छाएको छ । *रासस*

# आयुर्वेद चिकित्सालयमा बर्सेनि बढ्दै बिरामीको संख्या




**देउखुरी (दाङ)–** रोल्पा सिउलीबाङका ७१ वर्षीया सरुमा विक तुलसीपुर उपमहानगरपालिका-१९ बिजौरीस्थित प्रादेशिक आयुर्वेद चिकित्सालयमा भेटिए । पेट दुख्ने, खान मन नलाग्ने समस्याले चिकित्सालय आएका उनले धेरै ठाउँमा उपचार गर्दा पनि ठीक नभएपछि यहाँ उपचार गर्न आएको बताए ।

उनका श्रीमान् जीतबहादुर पेट दुख्ने समस्या हुँदा यही चिकित्सालय आएका थिए । 'यहाँ राम्रो उपचार हुन्छ, भन्ने सुनेर आएको हुँ,' उनले भने, 'हामीजस्ता गरिबले सहजै उपचार पाउने अस्पताल रहेछ, यहाँ आएर उपचार गरेपछि मात्र थाहा भयो ।'

चिकित्सालय परिसरमै भेटिएका घोराही उपमहानगरपालिका-९ कर्मटुवाका ७६ वर्षीय तिलकबहादुर खत्री हातखुट्टा दुख्ने, चिलाउने समस्या लिएर आएको बताए । '२५ रूपैयाँमा दर्ता गरेर उपचार गर्न पाइने रहेछ । उपचार पनि राम्रो रहेछ, मेरो समस्या कम भयो, त्यसैले डाक्टरले १५ दिनमा बोलाउनुभएको थियो र आएको हुँ,' उनले भने । २३ प्रकारका औषधि निःशुल्क पाएको र सस्तो भएको उनले बताए ।

चिकित्सालयमा अन्तरंग, बहिरंग, कायाचिकित्सा, स्त्री/प्रसूति, ज्येष्ठ नागरिक सेवा, सुरक्षित मातृत्व, छ महिनासम्मका आमालाई औषधि, पञ्चकर्मसम्बन्धी सेवा, पूर्वकर्म, सेरापोक योगा, प्रोमोटिम योगा, सर्जरी, मलद्वार, पायल्स, फिस्टुलाको उपचार गरिने चिकित्सालयका सूचना अधिकारी वसन्तबहादुर केसीले जानकारी दिए । अस्पतालमा आउने बिरामीलाई भर्ना गर्नुपर्ने अवस्था आएमा न्यून शुल्कमा भर्ना गरिने उनले बताए ।

विभिन्न प्रकारका 'थेरापी' गरेर आयुर्वेदिक औषधिको प्रयोग गरी उपचार गरिने र उपचार पछि बिरामी निको हुनेक्रम बढेको उनको भनाइ छ । प्रादेशिक आयुर्वेद चिकित्सालयका प्रमुख एवं निर्देशक डा. सन्तोषकुमार ठाकुरले दैनिक २०० भन्दा बढी बिरामी उपचारका लागि आउने गरेको बताए । चिकित्सालयमा क्षारसूत्र, पञ्चकर्म, अग्निकर्मलगायतका सेवा प्रभावकारी रूपमा सञ्चालन भइरहेको उनले बताए ।

चिकित्सालयका अनुसार दाङसहित रोल्पा, सल्यान, रुकुम, डोल्पा, प्यूठान, सुर्खेत, नेपालगञ्ज लगायतका ठाउँबाट उपचारका लागि यहाँ बिरामी आउने गरेका छन् । प्रमुख ठाकुरले भने, 'अन्य ठाउँमा उपचार गर्दा निको नभएका बिरामी यहाँ आएर उपचार गरी निको भएका थुप्रै उदाहरण छन् ।'

उनका अनुसार नेपालकै शयचायुक्त आयुर्वेद चिकित्सालयअन्तर्गत बिजौरीमा रहेको प्रादेशिक आयुर्वेद चिकित्सालय दोस्रो ठूलो हो । अस्पतालमा शल्यक्रियाका लागि आवश्यक सुविधा छ । यस चिकित्सालय विशेषगरी पायल्स र फिस्टुलाको उपचार केन्द्र बनेको उनले बताए । अझै पनि चिकित्सालयमा भौतिक पूर्वाधारको अभाव छ । ओपिडी र इन्डोर एउटै भवनमा सञ्चालन गर्नुपर्ने बाध्यता रहेको प्रमुख ठाकुरले बताए ।

यस चिकित्सालयलाई ५० शयचामा स्तरोन्नति गर्न सके अझै राम्रो हुने उनको भनाइ छ । वि.सं. २०४८ मा स्थापना भएको मध्यपश्चिमाञ्चल क्षेत्रीय आयुर्वेद चिकित्सालयलाई हाल प्रादेशिक आयुर्वेद चिकित्सालयको रूपमा विकास गरिएको हो । चिकित्सालयका अनुसार पाँच वर्षयता बर्सेनि यहाँ उपचार गर्न आउने बिरामीको संख्यामा वृद्धि भएको छ । आर्थिक वर्ष २०७७/७८ मा २४ हजार ४२१, आव २०७८/७९ मा ५० हजार ९६ र आव २०७९/८० मा ७१ हजार २२३ बिरामीले यहाँबाट उपचार सेवा लिएका थिए । गत आव २०८०/८१ मा उक्त संख्या वृद्धि भइ एक लाख नौ हजार ८५२ पुगेको छ । *रासस*


## कुवेतमा रोजगार

कम्पनीः Professor Burger Company For Mobile Snacks, Hot and Cold Drinks

पुनः स्वीकृत मिति : २०८१/०७/२० | LT. No. 313180 | चलानी नं ६०२२७५४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Kitchen Helper | 3 | 0 | 140 | ६१,५१५ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनीः Appetite Restaurant and Cafe Company

पुनः स्वीकृत मिति : २०८१/०७/०७ | LT. No. 313181 | चलानी नं ६०२२७५३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Resturant Worker | 0 | 2 | 140 | ६१,५१५ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनीः Boarding Restaurants Company

पुनः स्वीकृत मिति : २०८१/०७/०७ | LT. No. 313182 | चलानी नं ६०२२७५३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Resturant Worker | 1 | 0 | 140 | ६१,५१५ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कात्तिक १५ गते (31th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने /नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोषकसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रु. २३०८/- कामदारले तिर्ने | रु. १५००/ कामदार आफैंले | १०,०००/- | रु. ७००/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SAGARMATHA

Sagarmatha International Employment Pvt. Ltd.
K.B INTERNATIONAL EMPLOYMENT (P) LTD
Airport, Kathmandu, Nepal. Tel : 015916758/59, Mobile: 9851209638, 9851027865, 9823810701, E-mail:infokbintl@gmail.com
Web: www.kbemployment.com E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com.

## साउदीमा रोजगार

कम्पनी : Ammico Int'l. Contracting co. Ltd

पूर्व स्वीकृति मिति : २०८१/०७/१४ | LT. No. 312977 | चलानी नं. ६०२२७५२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 2 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |
| 2 | Construction Worker | 3 | 0 | 1000 | ३५,५३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कात्तिक २८ गते (13th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## युएईमा रोजगार

कम्पनी : STARGATE HOSPITALITY LLC

पूर्व स्वीकृति मिति : २०८०/०५/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/२० | LT. No. 291952 | चलानी नं. ६०२१७१२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 16 | 24 | 900 | ३२,९७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौं, (बाँसबारी, थाइल्याण्ड इम्बेसी पछाडी) मा मितिः २०८१ कार्तिक २८ गते (13 Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ASIA LINK Services Pvt. Ltd. श्रम इजाजत नं ११९/०५५/०५६

ASIA LINK SERVICES PVT. LTD.
Bansbari, Kathmandu, Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com


# वीरगञ्जमा छठ पर्वलक्षित विशेष सुरक्षा योजना बनाइने

**पर्सा (प्रस)–** जिल्ला प्रशासन कार्यालय पर्साले छठ पर्वमा सम्भावित जोखिमलाई मध्यनजर गर्दै विशेष शान्ति सुरक्षा योजना बनाउने भएको छ ।

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले जिल्ला सुरक्षा समितिको बैठक बसेर छठ पर्वका लागि आवश्यक सुरक्षा रणनीतिसहित योजना बनाइने बताए । 'छठ पर्वमा विशेष सुरक्षा प्रबन्ध मिलाउनेछौं,' उनले भने, 'विगतका छठ पर्वका जोखिमका विषय के-के हुन्, ती विषयलाई सम्बोधन गर्ने गरी सुरक्षा योजना बनाएर अघि बढ्नेछौं ।' प्रजिअ अर्यालले जिल्लाका सुरक्षा निकायसँगै नगरप्रहरीसँग पनि समन्वय गरेर अघि बढ्ने बताए ।

वीरगञ्ज महानगरभित्र घडीअर्वा पोखरी, रानीघाट छपकैयाको छठघाट, माईधिया पोखरी, नगवा पोखरी, सोलकपुर चोर्नी र परसवाको छठघाटमा विशेष सजावट गरेर छठ पर्व मनाइँदै छ । वीरगञ्जमा सबैभन्दा धेरै दर्शनार्थी तथा अवलोकनकर्ता घडीअर्वा पोखरीमा आउने गर्छन् । त्यसैले घडीअर्वा पोखरीको सुरक्षा चुनौती प्रमुख हुने गर्छ ।

घडीअर्वा पोखरी छठपूजा व्यवस्थापन समितिअन्तर्गतको सुरक्षा उपसमितिका संयोजक मनोहर गुप्ताले घडीअर्वा पोखरीमा करिब एक लाख ५० हजारभन्दा धेरै अवलोकनकर्ता आउने भएकाले सुरक्षा चुनौती मुख्य रहने बताए ।

छठ पर्व कात्तिक शुक्ल चतुर्थी अर्थात् मंगलबारदेखि आरम्भ भएर षष्ठीको दिनसम्म मनाउने गरिन्छ । छठपूजा व्यवस्थापन समितिका सहसचिव प्रभाकर गुप्ताले घडीअर्वा पोखरीको शान्ति सुरक्षाका लागि २० थान सिसी क्यामरा जडान गरिसकेको जानकारी दिए । 'यहाँ विशेषगरी कात्तिक २२ गते अस्ताउँदो सूर्यलाई अर्घ्य दिने बेला र २३ गते उदाउँदो सूर्यलाई अर्घ्य दिने बेला निकै सावधानी अपनाउन आवश्यक देखिन्छ,' उनले भने ।

छठघाट परिसरमा दमकल, एम्बुलेन्स, स्वास्थ्यकर्मी लगायतको टोली खटाइने छ । प्रजिअ अर्यालले विगतका वर्षमाजस्तै यो वर्ष पनि पर्सा जिल्लामा छठ पर्व शान्तिपूर्ण वातावरणमा मनाउनेगरी आवश्यक तयारी भइरहेको बताए । सशस्त्र प्रहरी बल पर्साका प्रमुख राधेश्याम धिमालले घडीअर्वा पोखरीमा उद्धारसहितका टोली परिचालन गरिने बताए । जिल्ला प्रहरी प्रमुख कुमोध ढुंगेलले छठ पर्वका लागि आवश्यक शान्ति सुरक्षाको प्रबन्ध मिलाइने बताए ।


## भीमदत्त नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

कञ्चनपुर, सुदूरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

(प्रथम पटक प्रकाशित मिति- २०८१/०७/२१)

प्रस्तुत विषय सम्बन्धमा यस कार्यालयको २०८१/०६/०४ गते प्रकाशित बोलपत्र सूचना अनुसार तपसिल बमोजिका बोलपत्र न्यूनतम मुल्यांकित तथा सारभुत रूपमा प्रभावग्राही भई नगरपालिकाको बोलपत्र मूल्याङ्कन समितिको वैठकको निर्णयबाट स्विकृतिका लागि छनौट भई सिफारिस भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ (१) प्रयोजनका लागि सम्बन्धित सबैका जानकारीका लागि ७ दिने सूचना प्रकाशित गरिएको छ । सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ सबै बोलपत्रदाताहरूलाइ समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

| ठेक्का नं. | ठेक्का विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र PS items बाहेक) |
|---|---|---|---|
| 12/RUI/BTR/NCB/TMPP/2081/082 | Road Upgrading work at Ward no. 01 | B & R Group of Construction, Bedkot Municipality-8, Kanchanpur | रु. २१,८८,८४७।०० |
| 13/RTW/NCB/TMPP/2081/082 | River Training work eat Ward no. 10 | Dimuk Nirman Sewa, Mahakali Municipality-4, Kanchanpur | रु. २०,९६,५३४।०० |

प्रमुख प्रशासकीय अधिकृत

# प्रभाव दैनिक

रूपशाला


## 'पूर्णबहादुरको सारंगी'ले कामायो पाँच दिनमा पाँच करोड !

'पूर्णबहादुरको सारंगी'ले घरेलु बक्स अफिसमा आक्रामक ब्यापार गरेको छ । वितरण कम्पनी ब्यांकटेस इन्टरटेनमेन्टले विजय बराल स्टारर फिल्मको ५ दिने कमाइ सार्वजनिक गरेको छ । १५ कात्तिक, विहिबार लक्ष्मीपूजाको दिनमा प्रदर्शनमा आएको फिल्मले १९ कात्तिक, सोमबारसम्म ४ करोड ८७ लाख ग्रस (४ करोड नेट) कमाइ गरेको छ । यो कूल कमाइबाट निर्मातालाई २ करोड नेट आम्दानी हुन्छ । यो कलेक्सनमा काठमाडौं टेरिटोरीको ५२ प्रतिशत र मोफसलको ४८ प्रतिशत योगदान छ ।




बुधबार, २१ कात्तिक २०८१ (Wednesday, November 06, 2024)


# 'एक मुठ्ठी बादल : माई सेयर अफ स्काई'लाई ८७ लाख राशीको पुरस्कार

■ प्रभाव संवाददाता



**काठमाडौं–** निर्माणाधीन नेपाली कथानक चलचित्र 'एक मुठ्ठी बादल: माई सेयर अफ स्काई' नेदरल्यान्डको ह्युबर्ट बाल्स फण्ड पोस्ट-प्रोडक्सन अनुदानका लागि चयन भएको छ । यस अन्तर्गत चलचित्रले ६०,००० युरो आर्थिक सहयोग प्राप्त गर्ने भएको छ । जुन ८७ लाख नेपाली रूपैंया बराबर हुन आउँछ ।

'एक मुठ्ठी बादल'की निर्देशक साहारा शर्मा ह्युबर्ट बाल्स फण्डको पोस्ट-प्रोडक्शन अनुदान जित्ने पहिलो नेपाली महिला निर्देशक हुन् । गौथली इन्टरटेन्मेन्ट (नेपाल), थर्ड कल्चर किड्स (जर्मनी), र क्रोमोजोम फिल्म (जर्मनी) को सह-निर्माण रहेको यो फिल्म नेपालकै पहिलो महिला प्रधान अन्तर्राष्ट्रिय स्तरमा सह-निर्मित चलचित्र हो । यस फिल्ममा नेपालबाट निर्माता 'मन प्रडक्सन' र 'अन्डरग्राउन्ड टकिज' पनि निर्माणमा सहभागी रहेका छन् । यस् चलचित्रका अन्य प्रमुख निर्माताहरूमा नेपालबाट अनुप पौडेल र सामीप्य राज तिमल्सेना रहेका छन् भने कार्यकारी निर्माताका रूपमा निकुन श्रेष्ठ संलग्न छन् । साथै जर्मनीबाट रोक्शाना रिचर निर्माताको रूपमा रहेकी छिन् ।

विवाहको पृष्ठभूमिमा बुनिएको 'एक मुठ्ठी बादल'ले घरभित्रको सीमित दायराभित्र स्वतन्त्रताको सपना देख्ने एक युवतीको कथा प्रस्तुत गर्दछ । युवतीमाथि समाजले राखेका अनेकन अपेक्षा र आफू भित्र निसास्सिरहेको उनको स्वतन्त्रताको चाहनाबीच उत्पन्न द्वन्द्वलाई चलचित्रले उजागर गर्दछ। गृहिणी हुनुका साथसाथै पारिवारिक जीवनको पनि केन्द्रमा रहेका नेपाली समाजका कैयौं महिलाका अनेक अदृश्य त्याग, संघर्षलाई र निःस्वार्थ योगदानलाई चलचित्रले कथानकमा समेटेको छ ।

चलचित्रमा निशा शर्मा, शेखर चापागाईं, आँचल शर्मा, उषा रजक, मनीष निरौला, सहयोग अधिकारी, गौरव बिष्ट, अविरल प्रताप अधिकारी, भीमा मैनाली, अश्मिता गौतम आदि कलाकारको अभिनय रहेको छ ।

निर्देशक सहारा शर्माले चलचित्रले पोस्ट प्रडक्सनका लागि प्रतिष्ठित फन्ड पाएकोमा खुसी व्यक्त गरेकी छन् । 'नेपाली नारीहरूका दुःख, सुख, त्याग, तपस्या, वलिदान, यिनका अनेक पक्ष र क्षमतालाई विश्व स्तरमा चिनाउने मेरो सँधै प्रयत्न रहेको छ। यो पुरस्कारले त्यहीतर्फ चलेको हाम्रो यात्रालाई उडान भरेको छ, म अत्यन्तै खुसी छु' शर्माको भनाइ ।

यस चलचित्रका निर्माता अभिमन्यु दीक्षित महिला-केन्द्रित फिल्म निर्माणका लागि समर्पित अभियन्ता हुनुका साथसाथै गौथली इन्टरटेन्मेन्टका सञ्चालक पनि हुन्। दीक्षित रोटरडम ल्याब तथा कान्स फिल्म फेस्टिभलको प्रडुसर नेट्वर्कका सहभागी पनि हुन् ।

उनको नेतृत्वमा 'एक मुठ्ठी बादल' लोकार्नो ओपन डोर्स कन्सल्टेन्सी, इण्डियन फिल्म बजारमा, लगायत ढाकाको वेस्ट मिट्स इस्ट स्क्रिनप्ले ल्याबमा पनि छनौटमा परेको छ । चलचित्रका सह-निर्माता सारा फाजिलात, एक अनुभवी अन्तर्राष्ट्रिय फिल्मकर्मी, साथै प्रतिष्ठित कलाकार पनि हुन् । 'निको' (२०२१) र 'होली स्पाइडर' (२०२२) जस्ता प्रख्यात र पुरस्कृत फिल्महरूका निर्माता र अभिनेतृ समेत रहेकी फाजिलात चलचित्रद्वारा समानता र विविधता प्रवर्द्धन गर्ने अभियानमा सक्रिय भूमिका खेल्दै आएकी छिन् ।

ह्युबर्ट बाल्स फण्डमा छनोट भएपछि 'एक मुठ्ठी बादल' को अन्तर्राष्ट्रिय सम्भावना झन् बढेको छ । फिल्म पोस्ट-प्रोडक्सनको अन्तिम चरणमा रहेकोले ह्युबर्ट फन्डको आर्थिक सहयोगले यसलाई उच्च गुणस्तर पुर्याउन महत्वपूर्ण सहयोग पुर्याउनेछ ।

'पुरस्कारले चलचित्रको प्राविधिक कामका लागि ठूलो सहयोग पुग्नेछ। योसँगै चलचित्रले अन्तर्राष्ट्रिय मञ्चमा पनि बलियो उपस्थिति जनाउने सम्भावना बढेको छ,' निर्माता दीक्षित भन्छन् 'फिल्मलाई २०८२ सालमा प्रेमियर गराउने हाम्रो योजना छ ।' यो उपलब्धिले नेपाली फिल्मलाई विश्व फिल्म समुदायमा स्थापित गर्दै अन्तरदेशीय महिला-प्रधान चलचित्र निर्माणको सम्भावना र महिला-केन्द्रित कथाहरूको महत्वलाई पनि उजागर गर्छ ।

# मेनुकाको स्वरमा 'तेजस्वी अप्सरा' सार्वजनिक

■ प्रभाव संवाददाता




**काठमाडौं–** गायिका मेनुका पौडेलको स्वरमा रहेको गीत 'तेजस्वी अप्सरा' सार्वजनिक भएको छ । गीतमा मनोज खड्काको शब्द, कल्याण सिंहको संगीत, दिक्षित पौडेलको एरेन्ज तथा लुमन स्थापितको रेकर्डिङ छ । गीतको भिडियो डिजाइन र सम्पादन संजीतकुमार घिसिङले गरेका छन् । गीतकार खड्काले दिवंगत आमा अप्सराको वार्षिकीको छेको पारेर आमाकै सम्झनामा गीत तयार पारेका हुन् । गीतको भिडियो लिरिकल शैलीमा तयार पारिएको छ । भिडियोमा गायिका मेनुका, गीतकार मनोज, संगीतकार कल्याण समेटिएका छन् ।

नेपाल सांगीतिक संघ र गीतकार संघ नेपालले हालै राजधानीमा आयोजना गरेको कार्यक्रममा गीतकार तथा साहित्यकार कालीप्रसाद रिजालले गीत सार्वजनिक गरेका थिए । गीतकार रिजालले खड्काको गीति लेखनको प्रशंसा गर्दै थप सिर्जनाको अपेक्षा गरेको बताए । संगीतकार शम्भुजीत बास्कोटाले 'तेजस्वी अप्सरा' शब्द, संगीत र स्वरको संगमले सिंगारिएको गीत रहेको बताए । अर्का गीतकार एसपी कोइरालाले यो गीतले साहित्य, समाज र संस्कृतिलाई जोडेको उल्लेख गरे । भारतमा रहेकी गायिका मेनुकाले अडियो सन्देश पठाउँदै एउटा राम्रो शब्दमा स्वर दिन पाएकोमा खुशी व्यक्त गरिन् । गीतका गीतकार खड्काले आत्मीय व्यक्ति गुमाउँदाको पीडाको भावलाई समेटेर 'तेजस्वी अप्सरा' लेखिएको बताए । 'यो गीत मेरा लागि शब्द र मेलोडी मात्र भन्दा पनि पिस अफ हार्ट हो । आमा गुमाउदाको पीडालाई गीतमा उतार्न प्रयास गरेको छु । आफ्ना आत्मीयजन् गुमाएका श्रोता दर्शकले यो गीतको थप गहिराई महशुस गर्न सक्नुहुन्छ', उनले भने । उनले आफूले गीत लेख्दा पीडा र ऊर्जालाई सन्तुलनमा राख्ने कोसिस गरेको बताए ।

गीतकार खड्का हाल अमेरिकी अन्तर ाष्ट्रिय सहयोग नियोग यूएसएडको मुख्यालय वासिङ्टन डीसीमा कार्यरत छन् । खड्काले सम्बन्धका पाटा, प्रेरणाका स्रोत, वैदेशिक रोजगारजस्ता समाजका आयामहरूलाई मिहीन ढंगले गीतमा उतार्ने गरेका छन् ।

दर्जन हाराहारीमा गीत रेकर्ड गराईसकेका गीतकार खड्काको रामकृष्ण ढकालको स्वरमा रहेको 'गाउँघरले सोध्यो परदेशीलाई', र प्रमोद खरेल तथा डा. त्रिशला गुरुङको स्वरमा रहेको 'तिमी जे बन उदाहरण बन' चर्चामा छन् ।

# 'कल जोडि विनती करैछी हे छठि मैया'

■ प्रभाव संवाददाता



**विराटनगर–** विराटनगरका पत्रकार तथा संचारकर्मीको भूमिका रहेको मैथिली भाषाको म्युजिक भिडियोसहितको छठ गीत सार्वजनिक भएको छ । संचारकर्मीहरूको लेखन, निर्देशन तथा लगानीमा निर्माण गरिएको 'कल जोडि विनती करैछी हे छठि मैया' बोलको गीत मंगलबार सार्वजनिक गरिएको हो ।

विराटनगरका पत्रकारहरू नवीन कर्ण, सोनु कुमार दास र हुसैन शेखको संयुक्त सहकार्यमा उक्त गीतको निर्माण गरिएको हो । गीतको लेखन तथा निर्माण पत्रकार नवीन कर्णले गरेका छन् भने निर्देशन, सम्पादन तथा रंग संयोजन हुसैन शेखले गरेका छन् । यस्तै गीतमा पत्रकार सोनु कुमार दासले अभिनय गरेका छन् । दाससँगै गीतमा विराटनगरकै ईशा यादवले प्रमुख भूमिका निर्वाह गरेकी छिन् । अन्य कलाकारहरूमा विनिता कर्ण, पुष्पलता कर्ण, माधुरी मनिष कर्ण, नूतन कर्ण र रानी कर्ण रहेका छन् । यस गीतमा व्रतालु, गृहिणी महिलाहरूले नै प्रमुख भूमिका निर्वाह गरेका छन् ।

गीतमा चर्चित गायिका ज्योति विश्वकर्माले स्वर दिएकी छिन् भने शैलेन्द्र विश्वकर्माले संगीत भरेका छन् । विराटनगरको बिट्ज रेकर्डिङ स्टुडियोमा स्वारांकन गरिएको यस गीतको प्रविधि संयोजन सुरज श्रेष्ठले गरेका छन् । म्युजिक भिडियोको छायांकन सन्तोष रजक र विक्रम साहले गरेका हुन् ।

पछिल्लो समय छठसहितका धार्मिक गीतहरूमा पनि पाश्चात्य शैलीको संगीत प्रयोग गर्ने क्रम बढिरहेको अवस्थामा छठ गीतको मौलिकता झल्किने संगीत र शब्द प्रयोग गरेर म्युजिक भिडियो निर्माण गरिएको रचनाकार नविन कर्णले बताए । मैथिली अनलाइनको युट्युब च्यानलमा यो गीत रिलिज भएसँगै दर्शक तथा श्रोतामा लोकप्रियता हासिल गर्दै गएको उनको दाबी छ ।



## नरेश श्रेष्ठ स्मृति क्रिकेट

# कर्णाली र मधेस विजयी




■ प्रभाव संवाददाता

**विराटनगर–** विराटनगरमा जारी नरेश श्रेष्ठ मेमोरियल पुरुष यु-१९ राष्ट्रिय क्रिकेट प्रतियोगितामा मंगलबार लिग चरणको अन्तिम खेलमा मधेश र कर्णाली प्रदेश विजयी भएका छन् । बैजानाथपुरको गिरिजाप्रसाद कोइराला खेल मैदानमा भएको खेलमा मधेशले यसअघि नै फाइनलमा स्थान बनाइसकेको लुम्बिनी प्रदेशमाथि १ रनको रोमाञ्चक जित हात पारेको हो । यसअघि लगातार ५ खेल जितेर अपराजित लुम्बिनी अन्तिम लिग खेलमा पराजित भएको हो ।

७१ रनको लक्ष्य मधेशले २७ ओभरमा ९ विकेट गुमाउँदै भेट्टाएको हो । मधेशका मयन यादवले २२ रन बनाउँदा इमरमन शेखले ११ रनको योगदान दिए । लुम्बिनीका रमेह कुर्मीले ४ तथा सन्तोष यादवले ३ विकेट लिए । त्यसअघि टस जितेर ब्याटिङ गरेको लुम्विनीले २० ओभरमा सबै विकेट गुमाई ७० रन बनाएको थियो । लुम्बिनीका समिर अलीले सर्वाधिक १२ रनबाहेक अरु ब्याटरले दोहोरो अंक छुन सकेनन् । मधेशका प्लेयर अफ द म्याच अविशेख तिवारीले ६ ओभरमा १६ रन खर्चेर सर्वाधिक ५ विकेट लिए ।

यसैगरी विराटनगरको मेर्लिबोन ज्वाला क्रिकेट मैदानमा भएको खेलमा कर्णालीले बागमती प्रदेशलाई २० रनले पराजित गरेको छ। टस जितेर ब्याटिङ गरेको कर्णालीले २०.५ ओभरमा सबै विकेट गुमाई ७५ रनमा सिमित भएको थियो । कर्णालीका विजय बोहोराले १६ रन बनाउँदा कमल विष्टले १५ रनको योगदान दिए । बागमतीका दिनेश विष्टले ५ विकेट लिए । उनले ३.५ ओभरमा २ मेडन राख्दै ६ रन मात्र खर्चे। दयानन्द मण्डलले ३ विकेट र दिपक सेरलाले २ विकेट लिए ।

७६ रनको लक्ष्य पाएको बागमतीले १८.३ ओभरमा सबै विकेट गुमाएर ५५ रनमै अलआउट भयो । बागमतीका रोशन विश्वकर्माले १३ रन बनाउँदा कप्तान उत्तम मगरले १० रन जोडे । अन्यले दोहोरो अंकमा रन बनाउन सकेनन् । कर्णालीका प्लेयर अफ द म्याचविपिन शर्माले ४ विकेट लिँदा युनिस ठकुरी र अनुज चुनराले ३-३ विकेट लिए ।

लिग चरणको सबै खेल खेल सकिँदा सुदूरपश्चिम र लुम्बिनीले ५ खेल जितेर समान १० अंक जोडे । अन्तिम खेलमा लुम्बिनी पराजित भएपछि सुदूरपश्चिम नेटरेनरेटमा अघि रहँदै शीर्ष स्थानमा उक्लियो । लुम्बिनीले पनि समान १० अंक जोडेर दोस्रो स्थानमा छ। अब लुम्बिनी र सुदूरपश्चिमबीच बुधबार फाइनल खेल हुनेछ। लिग चरणमा लुम्बिनीले सुदूरपिश्चिमलाई पराजित गरेको थियो ।

त्यस्तै गण्डकी र मधेशले समान ३ मा जित र ३ मा हारको नतिजासहित ६ अंक जोडे । रेनरेटमा गण्डकी अघि रहँदै तेस्रो भयो भने मधेशले चौथो स्थानमा प्रतियोगिता सकायो । यसैगरी बागमती र कर्णाली प्रदेशले समान २ खेल जित्दै ४ अंक जोडेर क्रमशः पाँचौ र छैटौं स्थानमा रहे । एक खेल मात्र जितेको कोशी प्रदेश २ अंकसहित सातौं स्थानमा रह्यो ।

# अमेरिका जाँदै भूपेन्द्र

■ प्रभाव संवाददाता




**काठमाडौं–** गोल्डेन ड्रागन च्याम्पियनसिपको १५औं संस्करणमा सहभागी हुन भूपेन्द्र गुरुङ बुधबार अमेरिकाको क्यालिफोर्निया प्रस्थान गर्ने भएका छन् ।

क्यालिफोर्नियास्थित आर्काडिया हाइ स्कुल जिम्नाजियममा हुने प्रतियोगितामा भूपेन्द्रले २ स्पर्धामा नेपालको चुनौती प्रस्तुत गर्ने छन् । भूपेन्द्रले ३६ वर्षमाथि उमेरसमूहमा ताइची र ट्रेडिसनल चाइनिज फम्समा आफ्नो कौशल प्रस्तुत गर्ने छन् । ट्रेडिसनल चाइनिज मार्सल आर्ट्स फेडरेसन, युएसएको आयोजनामा हुने प्रतियोगितामा विभिन्न ३० राष्ट्रका २५० भन्दा बढी खेलाडीको सहभागिता रहने बताइएको छ ।

विभिन्न ३ अन्तर्राष्ट्रिय प्रतियोगितामा भूपेन्द्रले ३ स्वर्ण पदक जितेका छन् । उनले सन् २०१८ मा जर्मनीमा भएको विश्व च्याम्पियनसिप, सन् २०१९ मा थाइल्यान्डमा भएको सातौं विश्व कुङफु च्याम्पियनसिप र सन् २०२२ मा युकेमा भएको युरोपियन च्याम्पियनसिपमा स्वर्ण जितेका थिए । उनले सन् २०२२ मा भारतको लखनउमा भएको १४औं राष्ट्रिय कुङफु च्याम्पियनसिपमा निर्णायकको भूमिका पनि निर्वाह गरेका थिए ।

भूपेन्द्रलाई सफलताको शुभकामना दिदै नेपाल उमा कुङफु संघका वरिष्ठ उपाध्यक्ष सन्जितकुमार राई र आदिवासी खेलकुद संघ नेपालका प्रशिक्षक इजिकेल परियारले मंगलबार एक कार्यक्रमबीच बिदाइ गरे ।

# नेयमार फेरि घाइते



**काठमाडौं–** एक वर्षपछि मैदान फर्किएका ब्राजिलियन स्टार फरवार्ड नेयमार पुनः चोटग्रस्त भएका छन् ।

एएफसी च्याम्पियन्स लिग एलिटमा साउदी क्लब अल हिलालले इरानको एस्टेघलाललाई ३-० ले पराजित गरेको खेलमा उनी घाइते भएका हुन् । ब्राजिलियन खेलाडी हालै मात्र च्यातिएको एसिएलबाट निको भएर मैदान फर्किएका थिए । तर, दुई खेलपछि नै उनी फेरि घाइते भएका हुन् । उनी ५८ मिनेटपछि बेन्चबाट सुरुआत गरेका थिए । यद्यपि, ३२ वर्षीय फरवार्डले तीन मिनेट बाँकी छँदा पेनाल्टी एरियामा बल अगाडि बढाइरहेको बेला गाह्रो भएको महसुस गरेका थिए । त्यसपछि उनी बाहिर निस्कनुपरेको थियो ।

नेयमारलाई अर्को खेलअघि निको हुने समय छ । यद्यपि, उनी साउदी प्रो-लिगमा भने दर्ता भएका छैनन् र एएफसी प्रतियोगिताको अर्को खेल नोभेम्बर २५ मा हुनेछ । अलेक्जेन्डर मित्रोभिचले चार पटकको एसियन च्याम्पियन हिलालका लागि ह्याट्रिक गर्दै जित दिलाएका थिए । हिलाले समूहचरणका सबै चार खेल जितेको छ । सर्बियाली खेलाडीले गरेका तीनवटै गोल नजिकैबाट भएका थिए । उनले १५ मिनेटपछि गोलको खाता खोलेका थिए। आधा घण्टापछि अर्को गोल थपे र खेल सकिन १६ मिनेट बाँकी रहँदा ह्याट्रिक पूरा गरे । हिलाल १२ टोलीको समूहको शीर्ष स्थानमा छन्, जहाँ शीर्ष आठ टोली अन्तिम १६ मा प्रवेश गर्नेछन् ।

# हचारिस वा ट्रम्पः अमेरिकाले कडा चुनावमा निर्णय गर्दै



**वासिङ्टन डिसी–** अमेरिकी मतदाताहरूले मंगलबार गरेको मतदानबाट असाधारण रूपमा अस्थिर चुनावको फैसला आउने अपेक्षा गरिएको छ । फैसलाले या त कमला हचारिसलाई अमेरिकी इतिहासको पहिलो महिला राष्ट्रपति बनाउने छ वा डोनाल्ड ट्रम्पलाई विश्वभर तरंग ल्याउने 'कमब्याक' दिने छ ।

चुनाव दिनमा पहिलो मतदान केन्द्रहरू खुल्दा ६० वर्षीया डेमोक्रेटिक उपराष्ट्रपति हचारिस र ७८ वर्षीय रिपब्लिकन पूर्वराष्ट्रपति ट्रम्प आधुनिक समयको सबैभन्दा कडा र अस्थिर ह्वाइट हाउस दौडमा बराबरीमा देखिन्छन् । कडा प्रतिद्वन्द्वीहरूले आफ्नो अभियानको अन्तिम दिन आफ्ना समर्थकहरूलाई मतदान गर्न प्रेरित गर्न र स्विङ राज्यहरूमा बाँकी रहेका अनिर्णित मतदाताहरूलाई जित्ने प्रयासमा बिताए ।

यद्यपि, अभियानमा भएका धेरै आश्चर्यजनक मोडहरूका बाबजुद जुलाईमा राष्ट्रपति जो बाइडेनको पद त्यागबाट हचारिसको नाटकीय प्रवेशदेखि लिएर ट्रम्पको दुईवटा हत्या प्रयास र एक आपराधिक दोषी ठहरबाट बचाएसम्म कुनै पनि कुराले जनमत सर्वेक्षणमा गतिरोध तोड्न सकेको छैन । पूर्वी तटमा स्थानीय समयानुसार बिहान ६:०० बजे मतदान केन्द्रहरू खुले । करोडौं मतदाताले मतदान गरे । यसका साथै विगत हप्ताहरूमा पहिले नै आठ करोड २० लाखभन्दा बढी मानिसले अग्रिम मतदान गरिसकेका थिए ।

नतिजाहरू जनमत सर्वेक्षणले सुझाव गरेजस्तै नजिक भएमा अन्तिम परिणाम थाहा पाउन केही दिन लाग्न सक्छ । यसले गहिरोरूपमा विभाजित राष्ट्रमा तनाव थप्ने छ । साथै, यदि ट्रम्पले हारे र सन् २०२० मा जस्तै नतिजालाई चुनौती दिए भने उथलपुथल र यहाँसम्म कि हिंसाकोसमेत डर छ । ह्वाइट हाउस वरिपरि अवरोधहरू खडा गरिएका छन् र वासिङ्टनमा व्यवसायहरू बन्द गरिएका छन् । नतिजाले मध्यपूर्वको द्वन्द्व, युक्रेनमा रूसको युद्ध र ट्रम्पले धोका भनेका जलवायु परिवर्तनको सामना गर्नमा ठूलो प्रभाव पार्ने भएकाले विश्वले निर्वाचनलाई चिन्तापूर्वक हेरिरहेको छ ।

## हरेक एक मत महत्वपूर्ण

हचारिस र ट्रम्प सात मुख्य स्विङ राज्य- एरिजोना, जर्जिया, मिशिगन, नेभादा, नर्थ क्यारोलाइना, पेन्सिल्भेनिया, विस्कन्सिनमा प्रभावकारी रूपमा बराबरीमा छन् । मतदानको अघिल्लो दिन हचारिसले जित्नै पर्ने पेन्सिल्भेनिया राज्यमा सबै जोड लगाइन् । 'रकी' चलचित्रले प्रसिद्ध बनाएको फिलाडेल्फियाको सिँढीमा ऱ्याली गर्दै घोषणा गरिन्, 'गति हाम्रो पक्षमा छ ।'

'तथापि यो इतिहासको सबैभन्दा नजिकको दौडहरूमध्ये एक हुनसक्छ- हरेक एक मत महत्त्वपूर्ण छ,' लेडी गागा र ओप्रा विन्फ्रेसहित सेलिब्रिटीहरूसँग जोडिएकी हचारिसले सावधान गराइन् ।

दोषी ठहर भएका र राष्ट्रपति बन्ने सबैभन्दा उमेर पुगेको व्यक्ति हुने ट्रम्पले आफूलाई टर्मिनल पतनमा रहेको र 'जंगली' आप्रवासीहरूले कब्जा गरेको देशको विनासकारी दृष्टिको एकमात्र समाधानको रूपमा प्रस्तुत गरे ।

'भोलि तपाईंको मतले हामी हाम्रो देशले सामना गरिरहेको हरेक समस्या समाधान गर्न सक्छौं र अमेरिका- वास्तवमै, विश्वलाई नयाँ उचाइमा नेतृत्व गर्न सक्छौं,' ट्रम्पले नर्थ क्यारोलाइना र पेन्सिल्भेनिया भ्रमण गरेपछि महत्त्वपूर्ण स्विङ राज्य मिशिगनको ग्रान्ड ऱ्यापिड्समा आफ्नो अन्तिम ऱ्यालीमा भने ।

यसैबीच हचारिसले संयुक्त राज्य अमेरिकाभरि ट्रम्पसमर्थित गर्भपतन प्रतिबन्धको आफ्नो विरोधमा जोड दिइन् । यो महत्त्वपूर्ण महिला मतदाताहरूसँग उनको एक प्रमुख मत-विजयी स्थिति हो । तर उनले सकारात्मक स्वर पनि प्रहार गरे र हप्तौंसम्म ट्रम्पलाई आफ्ना राजनीतिक विरोधीहरूमाथि बदला लिने उनको फोहोरी बयान र दोहोरिएको धम्कीका लागि लोकतन्त्रको खतराको रूपमा सीधै लक्षित गरेपछि उल्लेखनीयरूपमा ट्रम्पको नाम उल्लेख गर्न बचिन् ।

## इतिहास रचियो

ट्रम्पको 'कमब्याक' ऐतिहासिक हुने छ । उनी सन् १८९३ मा ग्रोभर क्लिभल्यान्डपछि अमेरिकी राष्ट्रपतिका लागि दोस्रोपटक गैरलगातार कार्यकाल पाउने दोस्रो व्यक्ति बन्ने छन् । ट्रम्पको फर्काइले तुरुन्तै अन्तर्राष्ट्रिय अस्थिरतालाई बढावा दिने छ । युरोप र नाटोका अमेरिकी सहयोगीहरू उनको एकान्तवादी 'अमेरिका पहिलो' नीतिहरूबाट चिन्तित छन् । व्यापारिक साझेदारहरूले उनको व्यापक आयात शुल्क लगाउने प्रतिज्ञालाई चिन्तापूर्वक हेरिरहेका छन् ।

हचारिसको जितले अमेरिकालाई आफ्नो पहिलो अश्वेत महिला र दक्षिण एसियाली राष्ट्रपति दिने छ र करिब एक दशकदेखि अमेरिकी राजनीतिमा हावी रहेको ट्रम्प युगको अन्त्यको संकेत दिने छ ।

ट्रम्पले सन् २०२८ मा फेरि चुनाव नलड्ने बताएका छन् । तथापि, रिपब्लिकनले अझै पनि उनले सन् २०२० को चुनावमा बाइडेनसँग निष्पक्षरूपमा हारेको स्वीकार गर्न अस्वीकार गर्छन् र नतिजाको प्रमाणीकरण रोक्न उनका समर्थकहरूले अमेरिकी क्यापिटलमा गरेको हिंसात्मक आक्रमणको आघात अझै गम्भीर छ । ट्रम्पले अर्को हार स्वीकार नगर्ने संकेत दिएका छन् र अभियानको अन्तिम दिनहरूमा निराधार चुनावी धाँधली दाबीहरू उठाउँदै 'मैले पहिल्यै ह्वाइट हाउस छोड्नु नपर्ने थियो' भनेका छन् । *रासस/एएनआई*

# पाकिस्तानमा आठ महिनादेखि तलब नपाएका शिक्षकहरू आन्दोलनमा

**खैबर पख्तुनख्वा (पाकिस्तान)–** खैबर पख्तुनख्वा प्रान्तको सरकारले यस क्षेत्रका विद्यालयका शिक्षकहरूलाई आठ महिनादेखि तलब दिन नसक्दा विद्यार्थीहरूको भविष्यलाई असर पर्नुका साथै शिक्षकहरू आन्दोलित भएको द डन पत्रिकाले रिपोर्ट गरेको छ ।

द डनलेरिपोर्टगरेअनुसार श्रमिकका लागि न्यूनतम ज्यालासमेत दिन नसकेकाले विद्यालयहरूले प्राथमिक तथा माध्यमिक शिक्षा फाउन्डेसनअन्तर्गत काम गरिरहेका छन् । विद्यालय शिक्षकको तलबका लागि दुई अर्ब रूपैयाँ आवश्यक हुँदा फाउन्डेसनका लागि रकम जारी गर्न सरकार असमर्थ रहेको एण्ड एसइएफका एक वरिष्ठ अधिकारीले बताएका छन् ।

एकजना शिक्षकले मार्चदेखि तलब नदिएकोमा दुःख व्यक्त गर्दै आफूसँग आयको अन्य कुनै स्रोत नभएकाले आधारभूत आवश्यकता पूरा गर्न आफन्तहरूबाट ऋण लिइरहेका बताएका छन् । शिक्षकहरूले तलब नपाएपछि धेरै विद्यालय बन्द भएका छन् भने अझै पनि सरकारले उनीहरूलाई तुरुन्तै तलबको व्यवस्था गर्न नसकेमा थप विद्यालयहरू बन्द हुने सम्भावना छ । *रासस/एएनआई*

# लेबनानमा मानवीय अवस्था बिग्रँदै गएको राष्ट्रसंघको चेतावनी

**न्युयोर्क–** मानवीय मामिला समन्वयका लागि राष्ट्र संघीय कार्यालय (ओसिएचए) ले लेबनानको मनवीय अवस्था बढ्दो वैमनस्यताको बीचमा बिग्रँदै गएको जनाएको छ ।

यस क्षेत्रको स्वास्थ्य सेवाले निरन्तर आक्रमणको सामना गरिरहेको र कर्मचारी तथा स्रोत अभावले लेबनानको नाजुक स्वास्थ्य पूर्वाधारमा थप तनाव आइरहेको संयुक्त राष्ट्रका प्रवक्ता स्टेफन डुजारिकले बताएका हुन् । उनले दक्षिणी लेबनानको बिन्ट जेबिल जिल्लाको टेबिन सरकारी अस्पताल नजिकै इजरायली हवाई आक्रमणले अस्पतालमा क्षति पुऱ्याउँदा, दर्जनौं मानिस घाइते हुनुका साथै अस्पतालमा क्षति पुऱ्याएको जनाएका छन् ।

सन् २०२३ अक्टोबरदेखि लेबनानमा स्वास्थ्य केन्द्र लक्षित ६० वटा आक्रमणमा ११० जना स्वास्थ्य सेवाकर्मीको मृत्यु भएको विश्व स्वास्थ्य संगठनले जनाएको छ । उनले लेबनानमा संयुक्त राष्ट्रसंघका सैन्यलगायतका सुविधाहरू अझै पनि आक्रमणबाट प्रभावित रहेको पुष्टि गर्दै राष्ट्रसंघको शान्ति सेनाहरूको रक्षा गर्न सबै पक्षहरूलाई आह्वान गरेका छन् । *रासस/क्युएनए*


## साउदीमा रोजगार

कम्पनी : High Air Est for Air Condition and Refrigeration

पूर्व स्वीकृति मिति : २०७९/११/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/२० | LT. No. 281613 | चलानी नं. ६०१९७११५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PLUMBER | 2 | 0 | 1700 | ६०,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Iwan Al-Tanfez Trading Company

पूर्व स्वीकृति मिति : २०८१/०४/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/२० | LT. No. 307796 | चलानी नं. ६०२२२९१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOAD UNLOAD LABOR | 6 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कात्तिक २८ गते (13th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1342/074/75
Muskan Overseas Pvt. Ltd.
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

## बहराइनमा रोजगार

कम्पनी : REHAB SALON AND SPA

पूर्व स्वीकृति मिति : २०८१/०७/२० | LT. No. 312943 | चलानी नं.६०२२७४९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 5 | 150 | ५३,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HANADI ABDULLA RABEAH BEAUTY

पूर्व स्वीकृति मिति : २०८१/०७/२० | LT. No. 312942 | चलानी नं.६०२२७४९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 6 | 150 | ५३,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CUT AND COAT BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०८१/०७/२० | LT. No. 312944 | चलानी नं.६०२२७५००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 5 | 150 | ५३,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कात्तिक २८ गते (13th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Eminence Recruitment International Pvt Ltd
Govt. License No. 1569/079/80
Bhimsengola-31, Prayagmarg, Kathmandu Tel no: 01-4110036, 4110040, 9851164154, 9849964370
9803193977 Email : info@eminencenepal.com, Website : www.eminencenepal.com

## साउदीमा रोजगार

कम्पनी : Fawaz Adul Karim Bukhari and Riyadh Saleh Al-Shahri Trading Company.

पूर्व स्वीकृति मिति : २०८१/०७/२० | LT. No. 312979 | चलानी नं. ६०२२७५१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 2 | 0 | 1500 | ५३,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कात्तिक २८ गते (13th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

HALESI OVERSEAS PVT LTD
Govt. License No. 1161/073/74
Gaushala-9, Ratopul, Kathmandu, Nepal, Tel: 4489975, Mob: 9851057208, E-mail : halesioverseas074@gmail.com

## साउदीमा रोजगार

कम्पनी : Company Harmelia For Poultry

पूर्व स्वीकृति मिति : २०८१/०७/२० | LT. No. 313116 | चलानी नं. ६०२२७५०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading and Unloading Labor | 8 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कात्तिक २८ गते (13th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

JERRY MANAGEMENT SYSTEM Pvt. Ltd.
Govt. License 1031/068/69
Dhobhighat-4, Lalitpur. Tel: +977-1-5153487, Fax: 01-5524634
Web : www.jerryms.com, Email: jerryms03@gmail.com

## युएईमा रोजगार

कम्पनी : Echo Art Decor Cont. LLC Sole Proprietorship

पूर्व स्वीकृति मिति : २०८१/०७/२० | LT. No. 313122 | चलानी नं. ६०२२७५०१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 10 | 0 | 1200 | ४३,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Decoration Painter | 10 | 0 | 1800 | ६५,९८० | | | | | | | |
| 3 | Painter Assistant / Buildings | 5 | 0 | 1000 | ३६,६५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कात्तिक २८ गते (13th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Mass Human Resource Pvt. Ltd.
(ISO Certified Ethical Recruitment Company)
SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765, 9828776444
Govt. License 938/067/068


**नेपाल सरकार**
**कृषि तथा पशुपन्छी मन्त्रालय**
**पशु सेवा विभाग**
**केन्द्रिय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला**
**पशुपन्छी रोग अन्वेषण प्रयोगशाला**
**धनगढी, कैलाली**

## प्राविधिक प्रस्ताव छनौट सम्वन्धि सूचना

मिति :-२०८१/०७/२१

उपरोक्त विषयमा यस आयोजना अन्तर्गत तपशिलको आयोजनाको लागि www.bolpatra.gov.np को Egp system मा Submission भएका निम्नानुसार बोलपत्रहरुको प्राविधिक प्रस्तावहरुको मुल्यांकन हुदा तपसिल अनुसारका बोलपत्रहरु सारभुत रुपमा प्रभावग्राही तथा योग्यताका सबै आधारमा सफल भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ङ ४ र ५ बमोजिम तपसिलको मिति र स्थानमा आर्थिक प्रस्ताव खोलिने भएको हुदा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सूचना प्रकाशित मिति | आयोजनाको नाम | ठेक्का संकेत नं. | सारभुत रुपमा प्रभावग्राही तथा योग्यताका सबै आधारमा सफल बोलपत्रदाताहरु | आर्थिक प्रस्ताव खोलिने मिति समय र स्थान |
|---|---|---|---|---|
| २०८१।०५।३१ नागरीक दैनिक | construction of Office Building for Veterinary Laboratory Dhangadhi Kailali | 02/2081/082/Work/ Vet-Lab/Dhangadhi | 1. Anjel-Uma Infra JV<br>2. Ashu-Bishnu JV<br>3. D.B Construction and Suppliers<br>4. Dirghayu Construction and Suppliers Pvt. Ltd.<br>5. Jesica-BRC-DNS JV<br>6. Kiran-Pasamasta JV<br>7. Maa Ninglasaini-Pratikshya JV<br>8. Mohan-Bista JV<br>9. National Construction Pvt. Ltd.<br>10. Pawan Construction<br>11. Powerup Builders Pvt. Ltd.<br>12. Prithivee Construction<br>13. Rakhi Construction Pvt. Ltd.<br>14. Sunrise Construction | २०८१।०७।२८ गते १३:०० बजे, स्थान: पशुपन्छी रोग अन्वेषण प्रयोगशाला धनगढी, कैलाली |

(कार्यालय प्रमुख)


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सन्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १६८२०० | प्रति तोला - ० | प्रति तोला - २०३० |





## ऊर्जामन्त्री खड्का र भारतीय समकक्षीबीच भेट



■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का र अन्तर्राष्ट्रिय सौर्य गठबन्धन (आइएसए) का अध्यक्ष एवम् भारतका नवीन एवम् नवीकरणीय ऊर्जामन्त्री प्रल्हाद वेंकटेश जोशीबीच भेटवार्ता भएको छ ।

भारतको नयाँदिल्लीस्थित भारतमण्डप केन्द्रमा आज भएको भेटमा दुवै देशबीच भविष्यमा दिगो विकास, जलवायु परिवर्तनका असर न्यूनीकरण, स्वच्छ ऊर्जा सङ्क्रमणलगायत विषयमा सहकार्य गरेर जाने विषयमा छलफल भएको भेटमा सहभागी विद्युत् विकास विभागका महानिर्देशक नवीनराज सिंहले जानकारी दिए ।

भेटमा ऊर्जामन्त्री खड्काले अन्तर्राष्ट्रिय सौर्य गठबन्धनले नेपालका लागि पहिचान गरेका सोलार रोडम्याप निर्माण, सौर्य ऊर्जामार्फत स्वास्थ्य, शिक्षा, पर्यटनको सम्भाव्यता खोजी, सौर्य सिँचाइ, सोलार टेक्नोलोजी केन्द्र स्थापना गर्नेलगायत आइएसएसँग काम गर्न आफू आशावादी रहेको बताएका थिए ।

मन्त्री खड्काले आइएसएको महानिर्देशक पदमा भारतको उम्मेदवारलाई नेपालको समर्थन रहेको बताउँदै उक्त पदमा विजयी भारतका उम्मेदवार आशिष खन्नालाई सफल कार्यकालको शुभकामना व्यक्त गरे । उनले बुढीगण्डकी जलविद्युत् परियोजनाको जलाशयको सतहमा एक हजार मेगावाटको फ्लोटिङ सोलार विकास गर्नका लागि सहयोग गर्न आग्रह गरेका थिए । आइएसएका कार्यक्रमलाई अगाडि बढाउन आइएसए र नेपालबीच चाँडै द्विदेशीय साझेदारी गरेर अगाडि बढ्नुपर्नेमा मन्त्री खड्काको जोड थियो । भेटमा आइएसएका अध्यक्ष एवम् भारतीय समकक्षी जोशीले नेपालमा सौर्य आयोजनालाई अगाडि बढाउन आइएसए कोषबाट आर्थिक सहयोग गरिने बताए ।

भेटमा मन्त्री खड्कासँगै मन्त्रालयका वरिष्ठ ऊर्जाविज्ञ प्रबल अधिकारी, विद्युत् विकास विभागका महानिर्देशक सिंहलगायत नेपाली प्रतिनिधिमण्डलका साथै नयाँदिल्लीस्थित नेपाली राजदूताबासका प्रतिनिधीको सहभागीता रहेको थियो ।

## अन्तर्राष्ट्रिय विमानस्थल दैनिक १० घण्टा बन्द हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्तिक २३ गतेदेखि दैनिक १० घण्टा बन्द हुने भएको छ । विमानस्थलको धावनमार्गको कार्य क्षमता बढाउन रनवेसँग समानान्तर हुने गरी ट्याक्सी वे बनाउन काम गर्नुपरेकाले दैनिक १० घण्टा बन्द हुने भएको हो ।

विमानस्थलको धावनमार्गको क्षमता अभिवृद्धिका लागि दैनिक १० घण्टाका दरले काम गर्दा करिब ५ महिना लाग्ने हुँदा कार्तिकमा नै काम गर्नुपरेको नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ । गर्मी याममा काम गर्न नसकिने, त्यसै बेला मनसुन पनि हुने भएकोले अहिलेको समय मात्र विकल्प भएको नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले बताएका छन् ।

महानिर्देशक अधिकारीले रनवेसँग समानान्तर हुनेगरी ट्याक्सी वे निर्माण गरेर सो विमानस्थलको कार्य क्षमता बढाउने काम गर्न लागिएको जानकारी दिए । अधिकारीले सो कामको योजना करिब ८ महिना अघिदेखिकै भएकाले यसलाई भैरहवा अन्तर्राष्ट्रिय राष्ट्रिय विमानस्थलको उडानसँग जोडेर नहेर्न पनि आग्रह गरे ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको कार्यक्षमता अभिवृद्धिका लागि सुरु गर्न लागिएको सो काम विशुद्ध व्यावसायिक भएकाले यसलाई कुनै पनि खालको रणनीति वा राजनीतिक नभएको महानिर्देशक अधिकारीले बताएका छन् । उनले धावनमार्गको स्तरोन्नतिको काममा सबै क्षेत्रका वायुसेवा प्रदायक संस्थाबाट सहमति लिइएको बताए । हिउँद महिनामा कम उडान हुने भएकाले पनि विमानस्थलको धावनमार्ग स्तरोन्नतिको कामलाई अघि बढाउन लागिएको पनि प्राधिकरणले जनाएको छ ।

अधिकारीले चालु आर्थिक वर्षको अनुमानित आयमा करिब २ अर्ब नोक्सान पर्ने भए पनि विमानस्थलको कार्य क्षमता अभिवृद्धिका लागि सो काम सुरु गर्नुपरेको उल्लेख गरे । समानान्तर ट्याक्सी वे निर्माण भएपछि अहिले जस्तो धावनमार्गबाट नै एप्रोनमा जानुपर्ने बाध्यता हट्ने महानिर्देशक अधिकारीले बताएका छन् । ट्याक्सी वे निर्माण पछि विमानस्थलको कार्य क्षमता २५ प्रतिशतले बढेर जाने महानिर्देशक अधिकारीले बताए ।

प्राधिकरणले सो स्तरोन्नतिको कामले बाह्य उडान मात्रै नभएर आन्तरिक उडानमा पनि ३० प्रतिशत कटौती हुने बताएको छ । महानिर्देशक अधिकारीले भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि सरकारले सस्तोको टिकटको व्यवस्था गरेको पनि स्मरण गराए । उनले सो अन्तर्राष्ट्रिय विमानस्थलका लागि पनि करिब ३ वटा अन्तर्राष्ट्रिय वायु यानले उडान भर्ने प्रतिबद्धता जनाएको पनि जानकारी दिए ।

## काबेली करिडोर प्रसारणलाइन पुनर्निर्माण सम्पन्न

■ प्रभाव संवाददाता

**काठमाडौं–** बाढीपहिरोले क्षति पुगेको काबेली करिडोर १३२ केभी डबल सर्किट प्रसारण लाइनको पुनःनिर्माण सम्पन्न भएको छ । गत असोज १२ गते माइखोलाको बाढीले काबेली करिडोर प्रसारण लाइन अन्तर्गत इलामको माई नगरपालिका-१ र ७ स्थित धोद्रेबेँसीमा चार वटा टावरमा क्षति पुर्‍याएको थियो ।

नेपाल विद्युत् प्राधिकरण र काबेली करिडोर प्रसारण लाइनमा विद्युत् जोडिएका निजी क्षेत्रका २० जलविद्युत् आयोजनाले संयुक्त रूपमा पुनःनिर्माण गरी सोमबार दिउँसो ४:३० बाट प्रसारण लाइन सञ्चालनमा ल्याएका हुन् । काम सुरु गरेको १९ दिनमा सम्पन्न गरिएको निजी क्षेत्रका तर्फबाट पुनःनिर्माणमा खटिनुभएका ऊर्जा उद्यमी मोहन कार्कीले जानकारी दिए ।

प्रसारण लाइन सञ्चालनमा आएसँगै ताप्लेजुङ, पाँचथर र इलामका आयोजनाले विद्युत् उत्पादन सुरु गरेका छन् । प्राधिकरण र निजी क्षेत्रले संयुक्त रूपमा पुनःनिर्माण सुरु गरेका थिए । प्राधिकरणले प्रसारण लाइनका पाटपुर्जा लगायतका सामग्री उपलब्ध गराएको थियो । निजी क्षेत्रका जलविद्युत् आयोजनाले श्रम लागतलगायतका खर्च बेहोरेको जनाएका छन् । यसका लागि प्रत्येक आयोजनाले निश्चित रकम योगदान गरेका छन् । निजी क्षेत्रले कार्कीको नेतृत्वमा टोली खटाएको थियो ।

काबेली करिडोर प्रसारण लाइन अन्तर्गत इलामको गोदकबाट झापाको दमक खण्डको धोद्रेबेँसीमा ५०, ५१,५२ र ५३ नम्बर टावरलाई बाढीले क्षति पुर्‍याएको थियो । चारवटा टावरमध्ये बाढीले ५१ र ५२ नम्बर टावरलाईपूर्ण रूपमा क्षति पुर्‍याएको थियो । त्यहाँ नयाँ टावर बनाइएको हो । आंशिक क्षति पुगेका ५० र ५३ नम्बरका टावर मर्मत गरिएको हो ।

## अध्यक्ष ढकाललाई इन्डोनेसिया सरकारको सम्मान



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष तथा नेपालका लागि गणतन्त्र इन्डोनेसियाका अवैतनिक वाणिज्यदूत चन्द्रप्रसाद ढकाल इन्डोनेसिया सरकारबाट सम्मानित भएका छन् ।

नेपाल र गणतन्त्र इन्डोनेसियाबीच द्विपक्षीय सम्बन्धलाई सुदृढ बनाउन अध्यक्ष ढकालले निर्वाह गरेको भूमिकाको कदर गर्दै इन्डोनेसिया सरकारले उनलाई विशिष्ट अवार्ड 'करका बुवाना अवार्ड' बाट सम्मानित गरेको हो । इन्डोनेसियाको परराष्ट मन्त्रालयद्वारा प्रदान गरिएको सो अवार्ड इन्डोनेसियासँगको सम्बन्धमा उल्लेख्य भूमिका निर्वाह गर्ने विदेशी विशिष्ट व्यक्तित्वलाई प्रदान गर्ने गरिएको मन्त्रालयले जनाएको छ ।

इन्डोनेसियाली परराष्ट्रमन्त्रीका तर्फबाट नेपालका लागि इन्डोनेसियाली राजदूत हेरु एच सुवोलोले ढकाललाई काठमाडौँमा मंगलबार आयोजित एक कार्यक्रममा उक्त सम्मान हस्तान्तरण गरेका हुन् । यो सम्मानले नेपाल र इन्डोनेसियाबिच पर्यटन प्रवर्द्धन, सांस्कृतिक आदानप्रदान र दुई देशबीचको आर्थिक सम्बन्ध प्रवर्द्धन गर्न ढकालले गरेका प्रयासलाई उजागर गरेको छ ।

उक्त समारोहमा राजदूत सुवोलोले ढकालको प्रयासले दुई देशबिचको सम्बन्ध सुदृढ हुनुका साथै दुबै देशलाई आर्थिक, सांस्कृतिक र कूटनीतिक सहकार्य विस्तारमा फाइदा पुगेको बताए ।

ढकालले सम्मानका लागि इन्डोनेसियाली सरकारलाई आभार व्यक्त गर्दै यस पुरस्कारले आफूलाई नेपाल र इन्डोनेसियाबिच आपसी सहकार्य, विकास र समृद्धिको लागि काम गर्न थप प्रेरणा मिलेको बताए ।

नेपाल र इन्डोनेसियाबीच हालै द्विपक्षीय परामर्श संयन्त्र तथा दुई देशका सरकारी अधिकारीहरूलाई 'भिषा फ्रि' सम्झौता भएकोमा दुवै देशका सरकारलाई धन्यवाद दिँदै ढकालले ती सम्झौताले दुई राष्ट्रबीचको कूटनीतिक सम्बन्धलाई सुदृढ गर्ने, दुई देशबीच हुने सरकारी भ्रमणलाई सहज बनाउनुका साथै आर्थिक तथा क्षेत्रीय सहयोगलाई आधार तयार गर्ने विश्वास व्यक्त गरे ।

यस अघि पनि सन् २०१५ को भूकम्पको समयमा उद्दार तथा राहत प्रयासमा गरेको योगदानको कदरस्वरूप इन्डोनेसिया सरकारले ढकाललाई सम्मान गरेको थियो । ढकाल सन् २०१० देखि नेपालका लागि गणतन्त्र इन्डोनेसियाका अवैतनिक वाणिज्यदूत हुन् ।

## नेप्से परिसूचकमा सामान्य गिरावट

**काठमाडौं (प्रस)–** दीपावलीको सार्वजनिक बिदापछि खुलेको धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक झिनो अंकले घटेको छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक शून्य दशमलव २१ अंकले ओरालो लागेर दुई हजार छ सय ७७ दशमलव ४० मा सीमित भएको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ८२ अंकले ओरालो लागेर चार सय ७७ दशमलव ९९ मा सीमित भएको छ । कारोबार भएका १३ उपसमूहमध्ये सात उपसमूहको सेयर मूल्य उकालो लाग्दा छ उपसमूहको भने ओरालो




लागेको छ । कूल ९७ लाख १३ हजार सात सय ३० कित्ता सेयर रु चार अर्ब २० करोड ५५ लाख पाँच हजार दुई सय ३७ मा कारोबार भएको छ ।

नेप्सेका अनुसार, सुपर माई हाइड्रोपावरको सेयरमूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । समाज लघुवित्त नौ दशमलव ९५, युनाइटेड मोदी हाइड्रोपावर नौ दशमलव ५१, गुराँस लघुवित्त नौ दशमलव ३२ र रसुवागढी हाइड्रोपावरका लगानीकर्ताले आठ दशमलव ७५ प्रतिशतले कमाएका छन् । त्यसैगरी, मिड सोलु हाइड्रोपावर १०, अप्पर स्याङ्गे हाइड्रोपावर आठ दशमलव ९४, सामलिङ पावर कम्पनी छ दशमलव ४९, एक्सेल डेभलपमेन्ट बैंक पाँच दशमलव ९७ र एनआइसी एसिया फ्लेक्सी फन्डका लगानीकर्ताले पाँच दशमलव ९१ प्रतिशतले गुमाएका छन् ।

साईबर अपराधबाट बचौं

ईन्टरनेट प्रयोग गर्दाः

- बलियो पासवर्ड राखौं र पासवर्डलाई समय-समयमा परिवर्तन गरौं,
- अपरिचित व्यक्ति वा कार्यालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिंक नखोलौं,
- सामाजिक सञ्जालमा आएका शंकास्पद भिडियो वा अडियो कल नउठाऔं, यस्ता कल पटक-पटक आए ब्लक गरौं,
- आफ्ना व्यक्तिगत विवरणहरु ओटिपी, युजरनेम, पासवर्ड, बैंक खाता नम्बर, पिनकोड, नागरिकता नम्बर, राहदानी नम्बर, जन्ममिति आदि कसैलाई सेयर नगरौं, सुरक्षित राखौं,
- अनावश्यक सफ्टवेयरहरु इन्स्टल नगरौं, गरेको भए हटाऔं,
- सामाजिक सञ्जाल, ईमेल वा अन्य कुनै वेब एप्लिकेशन प्रयोग गरिसकेपछि साइनआउट गरौं,
- डिजिटल डिभाईसहरु मर्मत गर्न दिंदा सम्पूर्ण विवरण हटाएर मात्र दिऔं,
- सामाजिक सञ्जालमा अनावश्यक फोटो तथा व्यक्तिगत विवरणहरु नराखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ